# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १७० | काठमाडौं | बुधबार, २३ असोज २०८१ | Prabhab National Daily | Wednesday, October 09, 2024 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# विभाजनको डिलमा एकीकृत समाजवादी



- असन्तुष्ट नेताहरूले दिए पार्टी विभाजनको चेतावनी
- पार्टी नेतृत्व महाधिवेशनको म्यान्डेटविपरीत लागेको आरोप

> पार्टीको महाधिवेशन हलमा जुन प्रतिबद्धता सर्वसम्मत चयन भएका नेतृत्वले गर्नुभएको थियो । त्यो प्रतिबद्धता अहिलेसम्म पूरा भएन । निर्वाचनबाट पदाधिकारी, पोलिटब्युरो चयन भए । त्यो महाधिवेशनको म्यान्डेटविरूद्ध भएकाले खारेज हुनुपर्छ ।
>
> **डा. विजय पौडेल**
> असन्तुष्ट नेता

**■ जेबी योञ्जन**

**काठमाडौं-** नेकपा एकीकृत समाजवादीको महाधिवेशन, पोलिटब्युरो र पदाधिकारी निर्वाचनदेखि उत्पन्न असन्तुष्टि विष्फोट हुने अवस्थामा पुगेको छ। असन्तुष्ट नेताहरूले पार्टी विभाजनको चेतावनी दिएका छन् । यसअघि असन्तुष्ट नेताहरूले सञ्चारमाध्यममार्फत असन्तुष्टि पोख्दै आएका थिए । पार्टी बैठकसमेत बहिष्कार गर्दै आएका थिए । पार्टी अध्यक्ष माधवकुमार नेपालको अधिक आलोचना गर्दै आएका थिए ।

यहीबीच अध्यक्ष नेपाललाई उनीहरूले सोमबार बुझाएको ज्ञापनपत्रले पार्टी सग्लो रहने छाँट देखाएको छैन । असन्तुष्टमध्येमा पर्ने नेता डा. विजय पौडेलका अनुसार पार्टीको १०औं महाधिवेशनको हलले ९३ जना केन्द्रीय सदस्य, अध्यक्ष, महासचिव र सम्मानित नेता सर्वसम्मत चयन गरेको थियो । र, बाँकी नेतृत्व पनि सर्वसम्मत चयन गर्ने प्रतिबद्धता अध्यक्ष, महासचिव र सम्मानित नेताले जनाएकामा अन्ततः पछि हटेको बताए ।

'पार्टीको महाधिवेशन हलमा जुन प्रतिबद्धता सर्वसम्मत चयन भएका नेतृत्वले गर्नुभएको थियो । त्यो प्रतिबद्धता अहिलेसम्म पूरा भएन । निर्वाचनबाट पदाधिकारी, पोलिटब्युरो चयन भए । त्यो महाधिवेशनको म्यान्डेटविरुद्ध भएकाले खारेज हुनुपर्छ । सर्वसम्मतरूपमा चयन हुनुपर्छ,' उनले भने ।

असन्तुष्ट नेताहरू पूर्ववर्ती दल नेकपा एमालेमा फर्किने चर्चा छ। उनीहरूका अनुसार एकीकृत समाजवादीमा राजनीतिक भविष्य संकटमा परेको छ । सांसद अम्बरबहादुर थापाले नेतृत्व पटक्कै नसुध्रिएको र पार्टी नेता कार्यकर्ताहरू लाखापाखा लाग्न थालेको र उनीहरूलाई रोक्न नसकिने बताए ।

'म पार्टीको यस्तो अवस्था हुन्छ भन्ने थाहा भए कर्णाली प्रदेश संसद्मा फ्लोर क्रस गर्ने थिइनँ तर अहिले पार्टी पार्टीजस्तो नै भएन । भविष्य उज्ज्वल छैन,' उनले प्रभावसँग भने, 'पार्टीबाट अलग हुनेहरू बढे । रोक्न सकिने अवस्था छैन ।'

उसो त एकीकृत समाजवादीमा असन्तुष्ट पक्षलाई पदाधिकारी र पोलिटब्युरोको निर्वाचनपछि आन्तरिकरूपमा पार्टी विभाजनको तयारीमा लागेको आरोप लागेको थियो । यद्यपि, गत असारमा महाधिवेशनबाट अध्यक्ष नेपालले पार्टीलाई एक ढिक्का बनाएर लैजाने प्रतिबद्धता जनाएका थिए । तर, पछि अध्यक्ष नेपाल नै गुट बनाउन लागेको र त्यसले पार्टीलाई एकताबद्ध बनाउन समस्या निम्तिएको असन्तुष्टमध्येका सांसद थापाले बताए ।

(क्रमशः पृष्ठ २ मा)

## चाडवाडमा जोखिमपूर्ण यात्रा

# बढ्यो सडक दुर्घटना



- सिन्धुली, धादिङ, जुम्ला, दैलेखलगायतका जिल्लामा भएको दुर्घटनामा पाँच जनाको मृत्यु, दर्जनौं घाइते
- पर्वको समयमा बाढीपहिरोले क्षतिग्रस्त सडक, तीव्र गति, मापसेजस्ता कारण दुर्घटना बढेको प्रहरीको भनाइ
- हालैको वर्षाका कारण आएको बाढीपहिरोले मुख्य राजमार्गमा ठप्प भएसँगै वैकल्पिक राजमार्गमा चाप बढ्दा पनि दुर्घटना बढ्दो

**■ प्रभाव संवाददाता**

**काठमाडौं-** दसैं मनाउन काठमाडौंलगायत सहरबाट गाउँ फर्कने क्रम बढ्दो छ। यही क्रममा दैनिक सडक दुर्घटनाको संख्या पनि बढेको छ।

मंगलबार काठमाडौंबाट सिन्धुली जाँदै गरेको बस रामेछापमा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परेर १६ जना घाइते भएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । प्रदेश-३-०१-००५ ख ९५७९ नम्बरको यात्रुवाहक बस खाँडादेवी गाउँपालिका-३ भीरपानीमा दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय रामेछापका डिएसपी प्रदीप सिंहका अनुसार मृत्यु हुनेमा रामेछापको सुनकोशी गाउँपालिका-६ की युनिषा श्रेष्ठ रहेकी छन् ।

मदन भण्डारी राजमार्ग सिन्धुलीमा मंगलबार विभिन्न स्थानमा सडक दुर्घटना भएका छन् । उक्त राजमार्गमा कार पल्टनुका साथै सुमो र बाइक दुर्घटना भएको छ । सडक घुमाउरो भएकाले यस क्षेत्रमा दुर्घटना बढेको प्रहरीले जनाएको छ । मंगलबार नै रामेछापको मन्थलीमा सुमो पल्टिँदा यात्रुहरू घाइते भएका छन् ।

यता धादिङको परेवाटार नजिक बलेरो दुर्घटना हुँदा छ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

मंगलबार नै जुम्लामा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । तिला गाउँपालिका-३ स्थित त्रिवेणीबाट तातोपानी गाउँपालिका-७ सर्मीतर्फ जाँदै गरेको क१प १६०५ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा तातोपानी-७ सर्मी गाउँका अन्दाजी ३१ वर्षीय हेमराज कुँवरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय जुम्लाका सूचना अधिकारी भानुभक्त अर्यालले जानकारी दिए ।

मोटरसाइकल सडकबाट अन्दाजी १६० मिटर तल भेरी खोलाको छेउमा खसेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ। दुर्घटनामा परी हेमराजका छोरा अन्दाजी नौ वर्षीय परिश्रमको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ । यसअघि सोमबार सिन्धुलीमा बस दुर्घटनामा परी दुई जनाको मृत्यु भएको थियो । काठमाडौंबाट भोजपुर जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ६७८५ नम्बरको बस सिन्धुलीको हरिहरपुरगढी-५ स्थित द्वार खोलाको पुलमा ठोक्किएर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो ।

(क्रमशः पृष्ठ २ मा)

## धौलागिरिमा पाँच रूसी नागरिकको मृत्यु

धौलागिरि हिमाल आरोहणमा गएका पाँच जना रुसी पर्वतरोहीको मृत्यु भएको छ। हाइक्याप आधार शिविरबाट आइतबारदेखि सम्पर्कविहीन भएका उनीहरूको शव मंगलबार भेटिएको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भरत श्रेष्ठका अनुसार अलेक्जेन्डर दुशेको, ओलेग कुर्गलोभ, भ्लालिमिर चिस्तिकोभ, मिखाइल नोसेन्को र डिमित्री शालिलेभोइको शव भेटिएको हो ।

आइतबार बिहान ११ बजेदेखि सम्पर्कविहीन भएका उनीहरूको हेलिकप्टरबाट खोजी गरिएको थियो । आरोहण समूहका एकजनालाई उद्धार गरी काठमाडौं ल्याइएको छ । पर्यटन विभागले जारी गरेको बुलेटिनअनुसार रूसी टोलीले दुई समूहमा विभाजित भएर आरोहण गर्ने योजना बनाएको थियो । स्वास्थ्य खराब भएपछि छ जना आरोही फर्किएका थिए । खराब मौसमका कारण दुर्घटनामा परेका रूसी टोलीले बेस क्याम्पसम्म मात्रै शेर्पाको सहायता लिएको र विनाअक्सिजन नै शिखर आरोहण गर्ने गरी अगाडि बढेको बताइएको छ ।

सम्पर्क अधिकृत र एजेन्सीले असोज २० गते रातिबाट पाँच जना आरोही सम्पर्कविहीन भएको जानकारी विभागलाई गराएसँगै उनीहरूको खोजी सुरू गरिएको थियो । मंगलबार बिहानै हेलिकप्टर उक्त क्षेत्रमा पुग्दा पाँच जना मृत अवस्थामा भेटिएको विभागले जनाएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमिकको परिवारलाई दिने राहत रकम १० लाख पुऱ्याइयो

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने कामदारका परिवारलाई १० लाख रूपैयाँ आर्थिक सहायता दिने भएको छ । सरकारले वैदेशिक रोजगार नियमावली, २०६४ को छैटौं संशोधन गर्दै आर्थिक सहायता रकम वृद्धि गरेको हो । यही असोज १८ गते बसेको मन्त्रिपरिषद् बैठकबाट नियमावली संशोधनको निर्णय भएको हो ।




हाल वैदेशिक रोजगार बोर्डमार्फत विदेशमा मृत्यु हुने कामदारका परिवारलाई सात लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ । सोही रकमलाई बढाएर १० लाख रूपैयाँ पुऱ्याइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । यसअघि वैदेशिक रोजगार नियमावली, २०६४ अनुसार तीन लाख रूपैयाँ दिने व्यवस्था गरिए पनि पछि संशोधन गरेर सात लाख रूपैयाँ दिने व्यवस्था गरिएको थियो । नियमावलीमा संशोधन भएसँगै अबदेखि वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने कामदारका परिवारले १० लाख रूपैयाँ आर्थिक सहायता पाउने प्रवक्ता घिमिरेले बताए ।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु भएमा मृतकको परिवार वा नजिकको हकवालाले आर्थिक सहायताका लागि बोर्डमा निवेदन दिनसक्ने व्यवस्था छ । यसका लागि कामदारको मृत्यु भएको एक वर्षभित्रै मृत्यु भएको प्रमाणित हुने कागजातसहित सहायताका लागि दाबी गर्नुपर्ने छ ।

त्यस्तै नियमावलीअनुसार बोर्डले रोजगारीकै क्रममा दुर्घटनामा परी अंगभंग भएका कामदारलाई पुगेको भौतिक क्षतिको आधारमा पनि सात लाख रूपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । यसैगरी काम गर्ने क्रममा मृत्यु भएका कामदारको शव नेपाल झिकाउन र शवलाई घरपरिवारसम्म पुऱ्याउनसमेत बोर्डले आर्थिक सहायता प्रदान गर्दै आएको छ। दाहसंस्कारका लागि पनि परिवारले २५ हजार रूपैयाँ पाउने व्यवस्था छ।

श्रममन्त्री शरतसिंह भण्डारीले यसअघिको आफ्नो कार्यकालमा विदेशमा मृत्यु हुने कामदारको परिवारलाई प्रदान गरिने आर्थिक सहायता रकम बढाउनुपर्ने बताउँदै उनकै अध्यक्षतामा बसेको बोर्डको २१औं बैठकमा रकम वृद्धि गर्ने प्रस्ताव गरेका थिए । राहत रकम १० लाख रूपैयाँमात्र नभई दोब्बर बढाउने सैद्धान्तिक सहमति गरेर त्यसबारे अध्ययन गर्न समितिसमेत गठन गरिएको थियो। यद्यपि, वैदेशिक रोजगारीमा गएका कामदारको मृत्यु भएमा दिइने सहायता रकम थोरै भएको भन्दै चौतर्फी आलोचना भएपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले स्रोत जुटाएर दोब्बर रकम दिने व्यवस्था मिलाउन श्रम मन्त्रालयलाई निर्देशन दिएका थिए। सोही आधारमा श्रम मन्त्रालयले तत्कालीन सचिव केवलप्रसाद भण्डारीको संयोजकत्वमा बनाएको अध्ययन समितिले सहायता रकम वृद्धि गर्ने योजना ल्याएको थियो ।

तत्कालीन सचिव भण्डारीको अध्ययन समितिले राहत रकम १४ लाख रूपैयाँ पुऱ्याउने योजना ल्याए पनि स्रोत व्यवस्थापनमा समस्या देखिने भन्दै मन्त्रालयले अहिले नियमावलीको छैठौं संशोधन गरेर १० लाख रूपैयाँ कायम गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेको थियो। सरकारले विदेशमा काम गर्ने कामदारको मृत्युपश्चात दिने सहायता रकम छुट्टै कोषबाट दिने नभई श्रम स्वीकृति लिएर रोजगारीको लागि विदेश गएका कामदारले अनिवार्यरूपमा कल्याणकारी कोषमा जम्मा गरेको रकमबाट राहत प्रदान गर्ने गरेको छ।

खाडी मुलुक र मलेसियामा जाने कामदारले कल्याणकारी कोषमा एक हजार ५०० रूपैयाँ र जापान, कोरिया, इजरायल, बेलायतलगायतका मुलुकका लागि दुई हजार ५०० रूपैयाँ अनिवार्यरूपमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यही कल्याणकारी कोषबाट गत आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीको क्रममा एक वर्षमा मृत्यु भएका एक हजार ३४६ जनाका परिवारलाई ६९ करोड ९९ लाख पाँच हजार रूपैयाँ हस्तान्तरण गरेको बोर्डले जनाएको छ । बिरामी एवं अंगभंग भएका कामदारलाई स्वास्थ्य उपचार खर्चबापत १९ करोड ४६ लाख ८५ हजार रूपैयाँ र कामदारको परिवारको सदस्यलाई स्वास्थ्य उपचार खर्च एक करोड २२ लाख ६५ हजार रूपैयाँ प्रदान गरेको बताइएको छ ।

यस्तै शव बहान सेवामा तीन करोड ४१ लाख ५८ हजार, विदेशमा अलपत्र शव नेपाल ल्याउन र समन्वय गर्न तीन करोड ७३ लाख १२ हजार, अलपत्र कामदारको उद्धार तथा समन्वयमा तीन लाख २० हजार रूपैयाँ खर्च भएको बोर्डको प्रगति विवरणमा उल्लेख गरिएको छ ।


जनहितमा जारी सन्देश




प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# धर्मशाला खाली गर्न महानगरपालिकाको माइकिङ

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले वडा नं ८ स्थित श्री पशुपति गौशाला धर्मशाला आज (बुधबार)देखि खाली गर्न मंगलबार माइकिङ गरेको छ । पशुपति क्षेत्र विकास कोष र महानगरपालिकाबीच मंगलबार गौशाला धर्मशाला व्यवस्थापनसम्बन्धी सहमति भएपछि महानगरपालिकाले खाली गर्न माइकिङ गरेको वडा नं ८ का अध्यक्ष आशामान संगतले जानकारी दिए । काठमाडौं जिल्ला अदालतले मारवाडी सेवा समितिले अनधिकृतरूपमा गौशाला धर्मशाला चलाएकाले कोषले सञ्चालन गर्नेगरी फैसला गरेको थियो ।

यसअघि कोष (अमालकोट कचहरी) र समितिबीच भएको सहमति खारेज गर्ने सञ्चालक परिषद्को निर्णयविरुद्ध समिति अदालत गएको थियो । फैसलापछि कोष सञ्चालक परिषद् बैठकले गौशाला व्यवस्थापनको जिम्मेवारी महानगरपालिकाले दिने निर्णय असोज २० गते आइतबार गरेको हो । परिषद्को निर्णयबमोजिम मंगलबार सहमति भएपछि महानगरपालिकाले पशुपति क्षेत्रमा अनधिकृत संरचना बुधबार हटाउन माइकिङ गरेको हो । गौशाला धर्मशाला खाली गराएर महानगरपालिकाले व्यवस्थितरूपमा यसको सञ्चालन गर्ने तयारी गरेको जनाइएको छ ।

गौशाला धर्मशालाका सबै सेवा निःशुल्क दिइने व्यवस्थापन समितिको संयोजकसमेत रहेका वडाध्यक्ष संगतले सुनाए । निःशुल्क सेवा दिएबापत खर्च सबै महानगरपालिकाले नै व्यहोर्ने सहमतिपत्रमा उल्लेख गरिएको जनाइएको छ । दाताले दिन चाहेमा भने दान दिन सक्ने छन् । दाताले दिएको दानलाई पनि व्यवस्थापन समितिले पारदर्शीरूपमा राख्ने छ । गौशाला व्यवस्थापन समितिले सहयोग भने नखोज्ने जनाइएको छ । व्यवस्थापन समितिमा कोषका तर्फबाट पनि सदस्य राखिने छ ।

भगवान् पशुपतिनाथको सम्पत्तिका रूपमा रहेको पशुपति गौशाला धर्मशाला २१ वर्षपछि फिर्ता भएको हो । २१ वर्षसम्म मारवाडी सेवा समितिले गौशाला धर्मशाला कब्जामा लिएको थियो । काठमाडौं जिल्ला अदालतले २०६० मा पशुपतिनाथ अमालकोट कचहरी (हाल कोष) र मारवाडी सेवा समितिबीच भएको पशुपति गौशाला धर्मशाला सञ्चालनसम्बन्धी सम्झौता खारेजी सदर गरिदिएपछि धर्मशाला पशुपतिनाथ मातहत आएको हो ।

कोष मातहत आएलगत्तै यसको सञ्चालन महानगरपालिकाले गर्नेगरी मंगलबार कोषका कार्यकारी निर्देशक सुभासचन्द्र झा र महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । हस्ताक्षर गरेपछि नै महानगरपालिका यसको कार्यान्वयनमा सक्रिय रूपमा जुटेको छ । व्यवस्थापन समितिले जनगुनासो नआउनेगरी यसको सञ्चालन गर्ने महानगरपालिकाको भनाइ छ ।

पृष्ठ १ बाट क्रमशः

## बढ्यो सडक...

बस दुर्घटनामा परी चालकसहित ४५ जना घाइते भए । तीमध्ये २८ जना भने उपचार भएपछि घर फर्किएको प्रहरीले जनाएको छ । अन्य घाइतेहरूको भने कपिलाकोट स्वास्थ्यचौकी, धरानको घोपा अस्पताल र जानकी हेल्थकेयरमा उपचार भइरहेको जनाइएको छ ।

सोमबार राति दैलेखमा हायस दुर्घटना हुँदा एक युवाको मृत्यु भयो । दैलेख प्रहरीका अनुसार सुर्खेतबाट चामुण्डाबिन्द्रासैनीको चाल्ने चौतारातर्फ जाँदै गरेको कर्णाली प्रदेश ९२००१ ख ०९०६ नम्बरको हायस (एसएमएल) सोमबार राति ९ बजेतिर दुर्घटना भएको हो । २३ जना यात्रु रहेको उक्त गाडीका बाँकी यात्रु भने सकुशल रहेको प्रहरीले जनाएको छ ।

पर्वको समयमा बाढीपहिरोले क्षतिग्रस्त सडक, तीव्र गति, चालकले मादक पदार्थ सेवनजस्ता कारण दुर्घटना बढेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक भरतबहादुर बोहराले बताए । उनले चाडपर्वको सुरक्षालाई लक्षित गरी ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी गर्ने निर्देशन दिएको जनाए । ‘प्रभावकारी ट्राफिक व्यवस्थापन र दुर्घटना न्यूनीकरणका लागि जिम्मेवार भई सडकमा खट्न हामीले ट्राफिक प्रहरीलाई हरेक सडकमा खटाएका छौं,’ ट्राफिक महाशाखा प्रमुख बोहराले भने । हरेक जिल्लामा पनि जिल्ला ट्राफिक कार्यालयले दुर्घटना न्यूनीकरणका लागि सहजीकरण गरिरहेको उनको भनाइ थियो ।

असोज १० गतेदेखि लगातार तीन दिन परेको वर्षाका कारण आएको बाढीपहिरोले मुख्य राजमार्गमा ठप्प भएसँगै वैकल्पिक राजमार्गमा चाप बढ्दा पनि दुर्घटना बढेको ट्राफिक प्रहरीको ठम्याइ छ । वर्षाका कारण आएको बाढी र पहिरोका कारण बीपी राजमार्ग अवरुद्ध छ भने वैकल्पिक राजमार्ग हुँदै दसैं मान्न गाउँ जानेको लर्को लागेको छ ।

पछिल्लो दिनहरूमा दुर्घटनाको दर घट्दो क्रममा रहेका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०७९/८० मा १० हजार ६७५ दुर्घटना हुँदा १८७ जनाको मृत्यु भएको थियो । अघिल्लो आर्थिक वर्षमा यो दर घटेर आठ हजार ८८१ पुगेको थियो भने १७७ जनाको मृत्यु भएको थियो । यस आर्थिक वर्षमा त्रिभुवन राजमार्गमै पहिरोमै परेर एक सय यात्रुको मृत्यु भइसकेको छ भने पछिल्लो दुर्घटना दर पनि बढ्दो छ ।

●●●

## विभाजनको डिलमा...

‘महाधिवेशनमा उहाँ (नेपाल)ले जसरी चिट बाँडेर निकट नेताहरूलाई निर्वाचित गराउनुभयो, त्यो गलत थियो । अहिलेसम्म उहाँले सच्याउनुभएन र सच्चिनुभएन । भन्नै पर्दा उहाँले गुट बनाउनुभयो, जसले थप समस्या सिर्जना गर्‍यो,’ उनले प्रभावसँग भने । सोमबार पार्टी अध्यक्ष नेपाललाई सम्बोधन गरी नेताहरूले बुझाएको ज्ञापनपत्रमा ‘कम्युनिस्ट पार्टीमा नेतृत्व निर्माण निश्चित विधि पद्धति, मूल्यांकन र योजनाका आधारमा गरिन्छ । गरिनुपर्छ । नेतृत्व चयन एक ज्यादै गम्भीर प्रक्रिया हो । यस्तो विषयमा जेसुकै होस् भन्ने हिसाबले काम गर्दा ठीक परिणाम निस्कँदैन नै र अहिले त्यही भएको छु उल्लेख गरिएको छ ।’

अध्यक्षमा नेपाल सर्वसम्मत भएको महाधिवेशनको प्रक्रियामाथि पनि असन्तुष्ट नेताहरूले गम्भीर प्रश्न उठाएका छन् । ‘महाधिवेशनको समग्र प्रक्रियामा विधि पद्धतिको गम्भीर उल्लंघन भएको छ । केन्द्रीय परिषद्को बैठकबाट र त्यसपछिको केन्द्रीय कमिटीको बैठकबाटसमेत पारित विधानको भावनाविपरीत मनपरि गरिएको छ । यसले गर्दा स्थानीय कार्यकर्ताहरूले पार्टी छोडिरहेका र केहीले योजनाबद्धरूपमा पार्टी विभाजनको प्रयास गरिरहेका छन्,’ ज्ञापनपत्रमा उल्लेख छ ।

पार्टीका नेता कार्यकर्ता तहमा चरम असन्तुष्टि पैदा भएको र त्यसले पार्टीलाई सुदृढ बनाउन नसक्ने असन्तुष्ट नेताहरूको दाबी छ । ‘आफू रहेको पुरानो पार्टीमा जस्तै आफ्नो अनुकूलको नेतृत्व निर्माण गर्ने मनसाय लिएको देखियो । प्रदेश इन्चार्ज र अध्यक्षलाई भूगोलबाट जिल्लाको संख्याभन्दा कम संख्याको कोटा दिइयो र समावेशी कोटा नेतृत्वले आफ्नै तजविजीको अधिकारमा राख्यो, जसको परिणाम केन्द्रीय कमिटी पार्टीअनुकूल होइन,’ ज्ञापनपत्रमा भनिएको छ ।

गत महाधिवेशन हलबाट ९३ जना केन्द्रीय सदस्य र ती केन्द्रीय सदस्यले २९९ जनाको केन्द्रीय कमिटी बनाउने म्यान्डेट दिएको थियो । यसविपरीत ३४४ जनाको केन्द्रीय कमिटी बनाउने काम भएको थियो । पार्टीको पदाधिकारीमा निर्वाचन हारेकाहरूले पार्टी विभाजन नै गर्नेगरी तयारी गर्दै आएका छन् । तर, पार्टी विभाजन नभए पनि असन्तुष्टि धेरै चुलिएको छ ।

असन्तुष्ट नेताहरूमा पूर्वउपाध्यक्ष केशवलाल श्रेष्ठ, पूर्वसचिव रामकुमारी झाँक्री, पूर्वउपमहासचिव डा. विजय पौडेल, पूर्वसचिव जीवनराम श्रेष्ठ, सांसदहरू प्रेम आले, किसान श्रेष्ठ, अम्बरबहादुर थापा, भानुभक्त जोशीलगायत छन् । उनीहरूका अनुसार ३४४ जनालाई भन्दा पनि पार्टीमा अध्यक्ष, महासचिव, सम्मानित नेतासहित ९३ जनालाई महाधिवेशन हलको म्यान्डेटले चिन्ने, अरूलाई नचिन्ने भएकाले सबैलाई हटाएर सर्वसम्मत तरिकाले चयन हुनुपर्छ ।

तर, अध्यक्ष नेपाल, सम्मानित नेता खनाल र महासचिव भुसाल यसबारे मौन देखिएका छन् । नेपालनिकट नेता जगन्नाथ खतिवडाले पार्टीमा कोही नेता असन्तुष्ट नभएको र कसैले दुःख गरेर बनाएको पार्टीलाई छाडेर नजाने बताए । ‘पार्टीमा मतभेदहरू हुन्छन्, समाधान हुन्छन् । समाधान हुने क्रममा छ,’ उनले भने, ‘यो पार्टीमा जो-जो हुनुहुन्छ, उहाँहरूको पसिना पार्टी संगठन निर्माणमा बगेको छ । त्यही भएर पार्टी छाड्ने अवस्था कोहीबाट हुँदैन ।’

एकीकृत समाजवादी नेकपा एमालेबाट अलग भएका नेताहरूले बनाएको दल हो । पहिलोपटक स्थानीयदेखि प्रदेश हुँदै केन्द्रीय चुनाव लडेको दलले राष्ट्रिय दलको मान्यता पाएन । यसपछि नेता कार्यकर्ताहरूमा बेचैनी पैदा भएको छ । नेताहरू असन्तुष्ट छन् ।

---

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

## राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

### विद्युतीय बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२३ गते)

चालू आ.व. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित सामाग्री विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरू खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि. नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NTrC/G/NCB/01-081/82 | Supply and Delivery of Lab Chemical, Kits & Reagent | ३,०००/- | ३,२१,०००/- | Single Stage Two Envelope |
| २. | NTrC/G/NCB/02-081/82 | Supply and Delivery of Liquid Medical Oxygen through Liquid Oxygen Tank | ३,०००/- | १,५६,०००/- | Single Stage: Single Envelope |

**विस्तृत जानकारीको लागिः-** ***Visit Website: www.bolpatra.gov.np/egp*** **तथा कार्यालय समयभित्र यस अस्पतालको फोन नं.** 01-4224928 **मा सम्पर्क गरी बुझ्न सकिनेछ ।**

**प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**

---

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

## सडक डिभिजन पोखरा

कास्की

### सडक डिभिजन पोखराको बोलपत्र स्वीकृतिको लागि आशयको सूचना

प्रकाशित मिति २०८१/०६/२३

मिति २०८१/०५/१७ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np मा प्रथम पटक प्रकाशित सूचना नं. ०६-२०८१/०८२ को सूचनामा उल्लेखित अन्तिम म्याद मिति २०८१/०६/१६ गते भित्र पर्न आएका बोलपत्रहरुको (E-submission) को आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|---|
| 1. | RDPKR/337011694/81/82-11(re) | Road improvement works on Phedipatan Maspatan Damsadi Paharidada Churote gaun Road Kaski | M/S Aashika Construction & Builders, Pokhara-33 Kaski | 93,42,174.21 |
| 2. | RDPKR/337011694/81/82-17 | Road improvement works on Power House Patneri Rittepani International Airport Road, Pokhara, Kaski | M/S Kamal Pokhari Nirman Sewa, Pokhara-13, Kaski | 63,49,365.61 |
| 3. | RDPKR/337011694/81/82-18 | Road improvement works on Arjunchaupari Belchaupari Ga.pa.bhawan Sadak ,syangja | M/S G.G. Construction, Chapakot Syangja | 65,66,597.36 |
| 4. | RDPKR/337011694/81/82-19 | Road improvement works on Arjunchaupari Jirokilo Lamdanda jugepani Khilung Sadak, syangja | M/S Phursamata Kalika Construction, Arjunchaupari Syangja | 69,56,999.99 |
| 5. | RDPKR/337011694/81/82-20 | Road improvement works on Harinash 3 Chuikuna Deuralibata Harinash 1 Khairekot jodne Sadak Syangja | M/S Manbi Nirman Sewa Pvt.Ltd, Tanahnh-2 | 66,51,106.80 |
| 6. | RDPKR/337011694/81/82-21 | Road improvement works on Syangja Putalibazar 13 Rigdi Baya khola, Bodhi khola, Narbhanjyang Sadak, Syangja | M/S Satya Nirman Sewa, Putalibazar-01 Syangja | 63,07,163.15 |
| 7. | RDPKR/337011694/81/82-22 | Road upgrading works on Putlikhet-Aruchaur Sadak, syangja | M/S Bikash Nirman Sewa, Putalibazar- Syangja | 68,89,294.85 |

**डिभिजन प्रमुख**

---

## Invitation for Bids

Government of Nepal

Ministry of Health & Population

### Pokhara Academy of Health Science Kaski

Date of publication: 9, October, 2024 (23 Asoj, 2081)

Invitation for Bids No: PoAHS/G/NCB-19,20,21,22,23,24,25,27/2081-82

1. The **Pokhara Academy of Health Science** invites ***electronic*** bids from eligible bidders for the ***Procurement of following items*** under National competitive bidding – Single Stage Single Envelope procedures as per public procurement act and regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 570547 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bids electronically and may download the bidding documents for e-submission from PPMO's e-GP II system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Name of the Bank: Rastriya Banijya Bank**
   **Name of Office: Pokhara Acaemy of Health Science, Pokhara**
   **Office Code no.: 370613901**
   **Office Account No.: 1000100200010000**
   **Revenue head No. 14229**
4. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 hr (Local Time) on November 8, 2024 (23 Kartik, 2081**) Bids received after this deadline will be rejected.,
5. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at **13:00 hr (Local Time) on November 8, 2024 (23 Kartik, 2081**) at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by the bid security not less than below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid
   **If bidder wishes to submit bid security in the form of cash**
   **Name of the Bank: Agriculture Development Bank,**
   **Account Name: Pratishan dharauti khata**
   **Name of Office: Pokhara Academy of Health Sciences**
   **Office Account no: 0316401591248071**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reservs the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever
8. The name and identification of the contract are as follows:

| S. N. | Bid No | Name of Procurement | Bid Document Fee NPR | Bid Security in NPR | Bid Security fee Validity Period |
|---|---|---|---|---|---|
| 1 | PoAHS/G/NCB-19/2081-82 | Procurement of Stationary Items | 3000 | 2,20,000 | March 8, 2025 |
| 2 | PoAHS/G/NCB-20/2081-82 | Procurement of Printing Items | 3000 | 1,62,000 | |
| 3 | PoAHS/G/NCB-21/2081-82 | Procurement of BP set and Miscellaneous medical items | 3000 | 1,15000 | |
| 4 | PoAHS/G/NCB-22/ 2081-82 | Procurement of Clothing items | 3000 | 80,000 | |
| 5 | PoAHS/G/NCB-23/2081-82 | Procurement of Cleaning Items | 3000 | 1,45,000 | |
| 6 | PoAHS/G/NCB-24/2081-82 | Procurement of Perioneal Dialysis Fluid | | 70,000 | |
| 7 | PoAHS/G/NCB-25/2081-82 | Procurement of dialysis Filter | | 1,55,000 | |
| 8 | PoAHS/G/NCB-27.1/2081-82 | Procurement of Lab Reagents and chemical III (Package A) Regents for Coagulation Analyzer | 3000 | 97,000 | |
| 9 | PoAHS/G/NCB-27.2/2081-82 | Procurement of Lab Reagents and chemical III (Package B) Regents for Urine Analyzer | | 70,000 | |

**Director**

# थप ५७ हिमाल आरोहणका लागि खुला

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले थप ५७ हिमाल आरोहणका लागि खुला गरेको छ । मन्त्रिपरिषद्को यही असोज २१ गतेको बैठकले आरोहणका लागि थप ५७ हिमाल खुला गर्न स्वीकृति दिएको हो ।

पर्यटन विभागले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा ५७ नयाँ हिमाल आरोहण खोल्नेगरी सिफारिस गरेको थियो । सोहीअनुरूप पर्यटन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले हिमाल आरोहणका लागि स्वीकृति दिएको हो । यसरी आरोहण खुला गरिएका हिमालमा पाँच हजार मिटरभन्दा माथि छ हजार ५०० मिटरसम्म उचाइका छन् । विभागले नेपाल पर्वतारोहण संघ (एनएमए)सँगको सहकार्यमा थप हिमाल खुलाएको हो ।

विभागका निर्देशक राकेश गुरुङले थप ५७ हिमाल आरोहणका लागि खुला गरिएसँगै नेपालमा कूल ४६१ हिमाल आरोहणका लागि खुला भएको बताए । थप हिमाल खुलेसँगै पर्वतीय पर्यटनमा सकारात्मक सन्देश गएको उनको भनाइ छ । एनएमएका अध्यक्ष निमानुरु शेर्पाले हिमाल खुलाउने निर्णयले पर्यटन क्षेत्रमा सकारात्मक सन्देश दिएको बताए । 'हिमाल खोल्नु भनेको नयाँ गन्तव्य विकास हुनु हो,' उनले भने, 'नेपालमा दुई हजारभन्दा बढी आरोहणयोग्य हिमाल छन्, तिनलाई क्रमशः आरोहणका लागि खुलाउँदै जानुपर्छ ।'

अध्यक्ष शेर्पाले सकेसम्म आरोहणयोग्य हिमाल खुलाएर बढीभन्दा बढी पर्यटक आकर्षण गरिनुपर्ने आवश्यकतामा जोड दिए । उनले आरोहणका लागि खुला गरिएका हिमालसम्म सम्पर्क सञ्जालका लागि पूर्वाधार विस्तालगायतका काम पनि सँगै अघि बढाइनुपर्ने सुझाव दिए ।

आरोहणयोग्य हिमाल क्रमशः खुला गर्दै जाने सरकारको नीतिबमोजिम नयाँ हिमाल आरोहण खुला गर्न लागिएको हो । सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा आरोहणयोग्य हिमाल क्रमशः खुला गरिने उल्लेख छ ।

# काठमाडौं उपत्यकाबाट बाहिरियो मनसुन

**काठमाडौं (प्रस)–** यस वर्षको मनसुन मंगलबार काठमाडौं उपत्यकाबाट पनि बाहिरिएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार यस वर्षको मनसुन कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका सम्पूर्ण भू-भागका साथै काठमाडौं उपत्यकाबाट पनि बाहिरिएको छ ।

महाशाखाका अनुसार बागमती प्रदेशको पश्चिमी भूभाग र मधेस प्रदेशका पश्चिमी भू-भागका थोरै स्थानबाट पनि मनसुन बहिर्गमन भएको छ । हाल कोसी प्रदेशलगायत मधेस प्रदेश र बागमती प्रदेशको पूर्वी भूभागमा मनसुनी वायुको प्रभाव रहेको महाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिए । यता गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशलगायत मधेस प्रदेश र बागमती प्रदेशको पश्चिमी भू-भागमा पश्चिमी वायुको प्रभाव रहेको छ ।

मंगलबार कोशी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहेको महाशाखाले जनाएको छ । मंगलबार कोशी प्रदेश र बागमती प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको पनि जनाइएको छ ।

सुदूरपश्चिम प्रदेशलगायत कर्णाली प्रदेशका धेरै तथा लुम्बिनी प्रदेशको पश्चिमी भू-भागको थोरै स्थानबाट असोज २० गते यस वर्षको मनसुन बहिर्गमन भएको थियो । यस वर्षको मनसुन गत जेठ २८ गते नेपालमा भित्रिएको थियो । यस वर्षको मनसुनले ठूलो जनधनको क्षति गराएको छ ।

## Triyuga Municipality

**Office of The Municipal Executive**

**Gaighat, Udayapur**

**Koshi Province, Nepal**

## Invitation For Bid

**IFB No.: -02-TM/UDA/2081/082**

Date of Publication: - 2081-06-23 (2024-10-09)

1. *Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.*

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-02/2081-082 | Gaighat Bokse Karamgachhi Babri Beldoban Ranibash Rauta Pokhari Sadak Nirman, Tri.Na.Pa-10, Udayapur. | 1,16,70,184.11 | 3,000.00 | 3,50,000.00 | 90 days/ 120 days |

2. *Information to deposit the cost of bidding document and bid bond in bank:*

| | | | |
|---|---|---|---|
| *Office Name* | *Triyuga Municipality Office* | *Lase date of Submission* | ***2081-07-26 (11th Nov. 2024) Time: -12:00 Hrs.*** |
| *Name of Bank* | *Rastriya Banijya Bank, Gaighat* | *Date of Bid Opening* | ***2081-07-26 (11th Nov. 2024) Time: -13:00 Hrs.*** |
| *Aantarik Rajaswa Khata No.* | *GA-1-1 2090100301010004 (For Bid Document Fee)* | *Pre-bid Meeting* | ***2081-07-14 (30th Oct. 2024) Time: -13:00 Hrs.*** |
| *Rajaswa Shirshak No.* | *14229* | *Office Code No.* | *80111403300* |
| *Dharauti Khata No.* | *GA-3 2090100303000004 (For Bid Security)* | | |

3. ***Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp***
4. ***Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.***
5. ***Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.***
6. ***Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.***
7. ***Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.***

**CHIEF ADMINISTRATIVE OFFICER**

**Bagmati Province Government**

**Ministry of Physical Infrastructure Development**

## Urban Development and Building Office

**Dhulikhel, Kavreplanchok**

## INVITATION FOR BIDS

**First Date of Publication- 2081/06/23 BS( 2024/10/09 A.D)**

1. *Urban Development and Building Office, Dhulikhel, Kavreplanchwok* invites bids from eligible bidders for the construction of following work under National Competitive Bidding procedures.

| Contract No/ Bid No | Description of Works | Estimated Amount (NRs) (Without VAT, PS & Contingency) | Bid Security Amount (NRs) | Bid document Price (NRs) |
|---|---|---|---|---|
| UDBO/NCB/WORKS/ 1S1E/01/081/082 | Tolangetole Sadak Starounnati, Dhulikhel-04 Kavrepalanchok | 1663599.09 | 47000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/02/081/082 | KU Ko Khadpu Thadobato Chok Dekhi Law College Sammako Bato Sadak Starounnati Dhulikhel Na.Paa-04Kavre | 1664857.88 | 47000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/03/081/082 | Namuna Basti Paadhero Dhakal Basti Sadak ,Dhulikhel-04 | 1016662.67 | 28000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/04/081/082 | Shahid Rameshwor Marga Majhgaun Bato Starounnati Banepa-04,Kavre | 1228261.97 | 34000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/05/081/082 | Boksedaha Darimbot Mokshyadham Roshi Sadak(Pailat Marga)Starounnati Panauti Na.Paa 2 ra 12 | 2503235.13 | 70000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/06/081/082 | Thakur Aa.Wi Danda Gaushahid Lakemarga ,Dhulikhel -11 | 1677850.35 | 47000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/07/081/082 | Kalchhey Jhishwori Mandir Sadak Starounnati Dhulikhel Na.Paa -11, Kavrepalanchok | 1676139.40 | 47000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/08/081/082 | Kanikeswor Motor Bato Starounnati , Panchkhal-10,12 | 1240787.65 | 34000.00 | 3000.00 |
| UDBO/NCB/WORKS/ 1S1E/09/081/082 | Khalchok Bhanjyang Babiyodanda sadak Starounnati Banepa-14,Kavre | 1175406.33 | 34000.00 | 3000.00 |

2. Purchase, Submission and Opening: Bidding document is available at www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document:-

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | Up to 2081/07/26 (2024/11/11) | 12:00 Hrs |
| Opening of Bid | 2081/07/26 (2024/11/11) | 13:00 Hrs |

Name of the Bank: Rastriya Banijya Bank, Dhulikhel
Name of Office: Sahari Bikash Tatha Bhawan Karyalaya, Kavre, Dhulikhel,
Office Code no. : 3370426013
Office Account no.: 1000100200010000
Rajaswa (revenue) Shirshak no. : 14229

4. For all other details, please refer to the complete set of bidding documents at Urban Development and Building Office, Dhulikhel, Kavre Telephone: - +977-011-415142 and email address: -bhawankaryalayakavrepd3@gmail.com
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Office Chief**


## साउदीमा रोजगार

कम्पनी : Tinting System Co.

पूर्व स्वीकृति मिति २०८१/०६/२१ | LT. No. 311927 | चलानी नं. ६०२२६३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DIKSHYA OVERSEAS PVT. LTD. Gov Lic No: 1691/080/081
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, +977-9816331813, 9840203353, Email: info@dikshyaoverseas.com, Website : www.dikshyaoverseas.com

## साउदीमा रोजगार

कम्पनी : Turki Mohammed Jaber Al Jahlan Logistics Services Company (is a one-person limited liability company

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 311948 | चलानी नं.६०२२६४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mohammed Al Jahlan Al Qahtani Sons Transport Company

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 311947 | चलानी नं.६०२२६४१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 3 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम इजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## MAURITIUS मा रोजगार

कम्पनी : ESPACE MAISON LTEE

पूर्व स्वीकृति मिति २०८१/०६/२२ | LT. No. 311923 | चलानी नं. ६०२२६४३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Attendant | 60 | 0 | 16500 | ४७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## जापानमा रोजगार

कम्पनी : ASIA AGRI COOPERATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८१/०६/२१ | LT. No. 311921 | चलानी नं. ६०२२६४५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIVESTOCK FARM WORKER | 0 | 2 | 197000 | १७८,७७५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नागरिकको ज्यान बचाऊ

प्राकृतिक विपत्तिसँगै नागरिकले सडक दुर्घटनामा पनि दैनिक ज्यान गुमाइरहेका छन् । सडक दुर्घटना मानव सिर्जित दुर्घटना हो । यसमा प्रशासन, नागरिक, सवारीसाधन प्रयोगकर्ता, यात्रु सबैले सावधानी अपनाउन सकिन्छ । तर, चाडपर्वको समयमा सुरक्षालाई ख्यालै नगरी सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु चढाउँदा, सुरक्षित सडक प्रयोग नगर्दा, तीव्र गतिमा सवारी चलाउँदा दैनिक दुर्घटना बढ्दो छ । आइतबार यतामात्र दसैंका लागि घर पुग्ने तयारीका यात्रा गरेका पाँच जनाको विभिन्न स्थानमा मृत्यु भयो । ती दुर्घटनामा परी कैयन घाइते भएका छन् ।

पर्वको समयमा मादकपदार्थ सेवन, चालक आफैं तनावमा पर्नु, नयाँ रुटमा सवारीसाधन चलाउनुजस्ता विषयले पनि दुर्घटना बढ्दो छ । यस्तो विषयमा प्रशासनले नियमन गर्नु अति आवश्यक छ । नागरिकको जीउधनको रक्षाका लागि प्रहरी, सम्बन्धित निकायले जाँचमा कडाइ गर्नुपर्छ । जसरी पनि पुग्नैपर्छ भनेर यात्रीले पनि जबरजस्ती क्षमताभन्दा बस्नुहुन्न । पर्वमा केही रकम बढी कमाउने लोभमा बस व्यवसायी, कर्मचारीले यात्रीलाई जबरजस्ती टिकट भिडाउने तर अन्तिममा सिट क्षमताभन्दा बढी पुऱ्याएर उभ्याएरै लैजाने परीपाटीसमेत छ ।

यस्तो गर्दा एक त सवारीसाधनको सन्तुलन गुम्नसक्छ भने यात्रु आफैं पनि आरामसाथ गन्तव्यमा पुग्न पाउँदैन । अझ अर्को विषय सम्बन्धित निकायले चाडपर्वमा गुड्ने सवारीको अवस्था कस्तो छ कुनै नियमन गरेको हुँदैन । सवारीसाधनको अवस्था ठीकठाक छ वा मर्मत गर्नुपर्ने छ यसबारे न त ट्राफिक प्रहरीलाई चासो छ न त यात्रीलाई ।

विकसित देशमा बसमा यात्रा गर्दा बसको अवस्थाबारे जानकारी गराइन्छ भने निर्धारित गतिभन्दा बढी गतिमा गुडाउन दिइन्न । त्यसैगरी लामो दूरीको यात्रामा बीचमा गाडी र चालकसमेत परिवर्तन गर्छ । यस्तो गर्दा यात्रा सुरक्षित हुने र बस व्यवसायीलेसमेत विश्वास कमाउँछन् । तर, हडबडको काम गर्दा एक त दुर्घटना हुन्छ, अर्को आफ्नै साधनमा पनि क्षति पुग्छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै अबका दिनमा बस व्यवसायीले भरपर्दो सेवा दिन जरुरी भइसकेको छ । यसैगरी यात्रीले पनि न्यूनतम मापदण्डमा बस सञ्चालन भइरहेको छ कि छैन ध्यान दिन जरुरी छ । अर्को मुख्य विषय नियमन गर्ने निकाय पनि आँखामा पट्टीमा बाँधेर नबसी यस्तो बेला सक्रिय बन्नुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो । क्रमशः

# सुधारोन्मुख अर्थतन्त्रमा प्राकृतिक विपद्को प्रभाव



■ रिसव गौतम

> हालैको प्राकृतिक विपत्ति (बाढी, पहिरो, डुबान) ले ठूलो मानवीय तथा भौतिक क्षति गरेको अवस्था छ । यसले सुधारिँदै गएको अर्थतन्त्रमा ठूलो धक्का दिएको छ । यस्तो शोकलाई शक्तिमा बदलेर अर्थतन्त्रको सुधार तथा पुनरूउत्थानमा सरकारले डटेर लाग्नुपर्ने आवश्यकता छ । देशको आन्तरिक अर्थतन्त्र अझै गतिशील बनाएर रोजगारी र अवसरहरूको सिर्जना गराउनेमा सरकारले सिर्जनात्मक प्रयास थाल्नुपर्छ । बाढी र विपत्तिहरूबाट पाठ सिकेर आधुनिक र दिगो विकासको पथमा सरकारले पाइला चाल्नुपर्छ ।

गत साता आर्थिक प्रक्षेपण र अवस्थाको मूल्यांकनका हिसाबले दुई महत्त्वपूर्ण अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालको अर्थतन्त्र सुधारिँदै गएको टिप्पणी गरे । एसियाली विकास बैंक (एडिबी) र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) दुवैले नेपालको अर्थतन्त्रमा खासगरी कृषि उत्पादन, पर्यटन आगमन र विद्युत् उत्पादनको सकारात्मक प्रभाव परेको बताएका छन् । एडिबीले समयमै मनसुन भित्रिएकाले कृषि उत्पादन बढ्ने, विद्युत् उत्पादन वृद्धिले औद्योगिक उत्पादनमा टेवा पुग्ने र पर्यटन आगमन बढेर कूल गार्हस्थ उत्पादन वृद्धिमा सघाउने टिप्पणी गरेको छ । एडिबीले चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धि ४.९ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ ।

आइएमएफले पनि नेपालको वैदेशिक मुद्राको सञ्चिति उच्च रहेको, विप्रेषण बढेको, पर्यटन आगमन बढेको र मूल्यवृद्धि नियन्त्रणमा रहेको कारण अर्थतन्त्र सुधारको दिशामा गएको जनाएको छ । यी दुई अन्तर्राष्ट्रिय दातृ निकायले प्रक्षेपण गरेजस्तै गत वर्षजस्तो नभई यस वर्ष देशको आर्थिक स्थितिमा केही सुधार हुने देखिएको छ । तर, हालैको बाढी, पहिरोले त्यस प्रक्षेपणलाई चुनौती दिएको छ ।

सन् २०२४ को आठ महिनामै सात लाखभन्दा बढी पर्यटक नेपाल भित्रिइसकेका छन् । गत वर्ष सो अवधिमा मात्र छ लाख पर्यटक भित्रिएका थिए । त्यसैगरी विप्रेषणको कुरा गर्दा चालु आवको साउन महिनामै एक खर्ब ३७ अर्ब रूपैयाँ भित्रिएको नेपाल राष्ट्र बैंकले जनाएको छ । गत आवको सोही महिनामा एक खर्ब १६ अर्बमात्र विप्रेषण भित्रिएको थियो ।

त्यसैगरी वैदेशिक मुद्राको सञ्चिति पनि बढेर चालु आवको साउनसम्म १५ अर्ब ५८ करोड डलर (२० खर्ब ९२ अर्ब २२ करोड नेरु) पुगेको छ । यसले साढे १३ महिनाको आयात धान्न पुग्ने राष्ट्र बैंकको भनाइ छ । वैदेशिक मुद्राको सञ्चिति पनि गत आवको साउनसम्म १५ अर्ब १८ करोड डलर थियो । त्यसैगरी आयात घट्दा र विप्रेषण बढ्दा शोधानान्तर (रकम बाहिरिने र भित्रनेबीचको अन्तर) बचत पनि बढेको छ । चालु आवको पहिलो महिना साउनमै शोधानान्तर बचत ४० अर्ब ९० करोड रूपैयाँ पुगेको छ । गत वर्षको सोही अवधिमा शोधानान्तर स्थिति ३६ अर्ब ६३ करोड रूपैयाँले बचतमा थियो । चालु आवको पहिलो महिनामै चालु खाता ३० अर्ब ३७ करोड रूपैयाँ बचतमा छ । गत आवको सोही अवधिमा चालु खाता १३ अर्ब ३७ करोड रूपैयाँ बचतमा थियो ।

त्यसैगरी अर्थतन्त्रमा मूल्यवृद्धि पनि नियन्त्रणमा आएको देखिन्छ । चालु आवको साउन महिनामा उपभोक्ता मूल्य वृद्धिदर ४.१० प्रतिशतमा सीमित रहेको राष्ट्र बैंकले जनाएको छ । गत वर्षको सोही अवधिमा ७.५२ प्रतिशत मूल्यवृद्धि रहेको थियो । अर्थतन्त्रको धेरैजसो बाह्य र केही पर्यटन, विद्युत् उत्पादन तथा कृषि क्षेत्रलगायतको आन्तरिक क्षेत्रसमेत सुधारिँदै गएको हो । फलस्वरूप एडिबी र आइएमएफजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले आर्थिक वृद्धि हुने प्रक्षेपण गरे । तर, यसबीच विगत केही दिनयताको घनघोर वर्षा, त्यसले निम्त्याएको बाढी र पहिरोले नेपालमा ठूलो मात्रामा जीउधनको क्षति गरिसकेको छ । क्षतिको आँकलन कति हुने छ त्यो यकीन त भइसकेको छैन । खासगरी कोशी र बागमती प्रदेशमा आएको बाढी, पहिरोले पुऱ्याएको क्षतिले आर्थिक वृद्धि र प्रक्षेपणलाई चुनौती भने दिएको छ ।

यस प्राकृतिक विपत्तिले अव्यवस्थित विकास, बसोबास र सहरीकरणले जहिले पनि नोक्सानी पुऱ्याउनसक्ने पाठ पनि सिकाएको छ । यसपटकको बाढी, पहिरोमा परी २०० भन्दा बढीको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । त्यसैगरी करिब ४०० घर पूर्णदेखि आंशिकरूपमा क्षति भएको, देशका अधिकांश राजमार्गमा कुनै न कुनै प्रकारको क्षति पुगेको, दुई दर्जनभन्दा बढी पुल पूर्णरूपमा भत्किएको अवस्था छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकाअनुसार सडक तथा पुलहरूमा मात्र दुई अर्ब ५० करोड रूपैयाँभन्दा बढीको क्षति भएको छ । त्यसैगरी स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान)का अनुसार १६ वटा जलविद्युत् कम्पनीमा दुई अर्बभन्दा बढीको क्षति भएको छ ।

विपद्ले कृषि क्षेत्रमा त्यत्तिकै नोक्सानी भएको छ । प्राधिकरणकाअनुसार जनताको निजी सम्पत्ति, सार्वजनिक सम्पत्तिमा पुगेको क्षति र त्यसको पुनर्निर्माणमा लाग्ने खर्च जोड्दा यस विपत्तिबाट कम्तीमा एक खर्ब रूपैयाँको नोक्सानी भएको छ । सडक तथा पुलहरू भत्किँदा देशले आगामी दिनहरूमा भोग्ने आर्थिक क्षतिको पाटो अर्को पनि हुन्छ । सुधारोन्मुख बन्दै गएको अर्थतन्त्रलाई बाढी तथा पहिरो, डुबानले नराम्ररी धक्का दिएको छ । फलस्वरूप देशको आर्थिक वृद्धि र विस्तारमा त्यसले नकारात्मक असर गर्ने छ ।

विपद्ले कृषि क्षेत्रमा त्यत्तिकै नोक्सानी भएको छ । प्राधिकरणकाअनुसार जनताको निजी सम्पत्ति, सार्वजनिक सम्पत्तिमा पुगेको क्षति र त्यसको पुनर्निर्माणमा लाग्ने खर्च जोड्दा यस विपत्तिबाट कम्तीमा एक खर्ब रूपैयाँको नोक्सानी भएको छ । सडक तथा पुलहरू भत्किँदा देशले आगामी दिनहरूमा भोग्ने आर्थिक क्षतिको पाटो अर्को पनि हुन्छ । सुधारोन्मुख बन्दै गएको अर्थतन्त्रलाई बाढी तथा पहिरो, डुबानले नराम्ररी धक्का दिएको छ । फलस्वरूप देशको आर्थिक वृद्धि र विस्तारमा त्यसले नकारात्मक असर गर्ने छ ।

नयाँ सरकार बनेर विष्णु पौडेल अर्थमन्त्री भएपछि सेयरबजार पनि केही हदसम्म उकालो लाग्न थालेको छ । नयाँ मौद्रिक नीतिले घरजग्गा तथा सेयरबजारका लागि केही सहजता पनि दिएको हो । फलस्वरूप सेयरबजार र घरजग्गा कारोबार दुवै क्षेत्रमा सुधार आएको हो । नजिकिएको बडादसैं, तिहारजस्ता चाडबाडले अर्थतन्त्रलाई थप गतिशील बनाउने, व्यवसायीहरूको व्यापार बढ्ने आशा गरिएको छ । समग्रमा अर्थतन्त्रको बाह्य परिसूचक अत्यन्त सकारात्मक रहेको र आन्तरिक पक्षमा क्रमिक सुधार आउँदै गरेको अवस्था हो । भदौ अन्तिम सातापछि वाणिज्य बैंकहरूले पनि कर्जालाई विस्तार गर्न थालेका हुन् । खासगरी बैंकहरूको कर्जाकै ब्याजदर पनि एकल अंक नजिक आउँदा ऋण लगानी बढ्न थालेको छ ।

नेपाल राष्ट्र बैंककाअनुसार चालु आव २०८१/८२ को असोज १० गतेसम्म बैकिङ प्रणालीमा ६५ खर्ब ३२ अर्ब रूपैयाँ निक्षेप संकलन रहेको छ । यसमध्ये वाणिज्य बैंकहरूमा नै ५८ खर्ब सात अर्ब रूपैयाँ निक्षेप रहेको छ । सो अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले कूल ५२ अर्ब ३८ करोड रूपैयाँ रकम कर्जा लगानी गरेका छन् । राष्ट्र बैंककाअनुसार औसत सिडी रेसियो ७८.८० रहेको छ । अहिलेको अवस्थामा छ खर्ब रूपैयाँ लगानीयोग्य तरलता रहँदा बैंकहरूले कर्जा विस्तार गर्न थालेका हुन् । कांग्रेस-एमाले गठबन्धनको वर्तमान सरकार बनेपछि राजस्व संकलनमा पनि केही सुधार देखिन्छ ।

महालेखा नियन्त्रकको कार्यालयकाअनुसार चालु आव २०८१/८२ को साउन र भदौ महिनाको अवधिमा एक खर्ब ६९ अर्ब रूपैयाँ राजस्व संकलन भएको छ । जुन चालु आवको बजेटमार्फत लिइएको लक्ष्यको ११.६६ प्रतिशतले बढी हो । वास्तवमा आयात-निर्यात व्यापारमा आएको सुधारले नै राजस्व संकलनमा सुधार आएको देखिन्छ । यसबीच सेयरबजारमा आएको सुधारले साउन महिनामामात्रै सरकारलाई २० अर्ब रूपैयाँभन्दा बढी पुँजीगत लाभकर संकलन भएको छ । सेयरबजारमै बैंकहरूले यसबीच ७० अर्ब रूपैयाँभन्दा बढी कर्जा प्रवाह गरेका छन् । यसले अर्थतन्त्र क्रमशः सकारात्मक दिशातिर जाँदै गरेको प्रस्ट गर्दछ ।

आन्तरिक अर्थतन्त्रको चित्र प्रस्तुत गर्ने सेयरबजार परिसूचक नयाँ आव सुरु भएयता सुधारिएको हो । नेप्से १९०० देखि दुई हजार अंकमा बरालिइरहँदा साउनयता तीन हजार अंकको उचाइ भरेर अहिले केही सुधार भएको देखिन्छ । खासगरी भित्रिएको दसैं, तिहारजस्ता चाडबाडको दबाबले पनि सेयर बेच्ने र खर्च जुटाउनेहरू धेरै हुँदा बजारमा केही फरक देखिन्छ । चाडबाडपछि बजारले फेरि उही लय समात्ने धेरैको आशा छ ।

त्यसैगरी पर्यटन क्षेत्रमा पनि विगत वर्षहरूभन्दा सुधार हुँदै छ । पर्यटन आगमनको मौसम सुरु भएयता होटल तथा रेस्टुरेन्टहरू भरिन थालेका छन् । ट्राभल एजेन्सी तथा ट्रेकिङसँग सम्बन्धित जनशक्तिहरूले रोजगारी पाएका छन् । त्यसकारण केही महिनायता अर्थतन्त्रमा क्रमिक सुधार पक्कै हो ।

तर, अपसोच हालैको प्राकृतिक विपत्ति (बाढी, पहिरो, डुबान) ले ठूलो मानवीय तथा भौतिक क्षति गरेको अवस्था छ । यसले सुधारिँदै गएको अर्थतन्त्रमा ठूलो धक्का दिएको छ । यस्तो शोकलाई शक्तिमा बदलेर अर्थतन्त्रको सुधार तथा पुनरुउत्थानमा सरकारले डटेर लाग्नुपर्ने आवश्यकता छ । देशको आन्तरिक अर्थतन्त्र अझै गतिशील बनाएर रोजगारी र अवसरहरूको सिर्जना गराउनेमा सरकारले सिर्जनात्मक प्रयास थाल्नुपर्छ । बाढी र विपत्तिहरूबाट पाठ सिकेर आधुनिक र दिगो विकासको पथमा सरकारले पाइला चाल्नुपर्छ । *रासस*

*(लेखक आर्थिक लेखक तथा विश्लेषक हुन्)*

# दसैंमा मासुबाट हुने स्वास्थ्य जोखिमबारे ख्याल गरौं



■ डा. केदार कार्की

हिन्दू धर्मावलम्बीहरूको पर्व दसैंको आगमन भइसकेको छ । दसैं को विशेषता भनेको मासुका चौरासी व्यञ्जन, परिकार तयार गरी घरपरिवारका लागिमात्र नभई इष्टमित्र, माइती, ससुराली खलकमा कोसेली बाँडी रमाइलो गरी मनाउनु हो । हुन त बढ्दो सहरीकरण अनि विद्युतीय सञ्जालको प्रभावका कारण आजका हाम्रा प्लस-२ का पुस्ता पश्चिमी सभ्यतासँग अभ्यस्त भइसकेका छन् । यसको प्रत्यक्ष उदाहरण दरबारमार्गमा खुलेका केएफसीको पसलले काठमाडौंको टोलटोलमा आफ्नो व्यापार विस्तार गरेको मान्न सकिन्छ ।

भनिन्छ, मासुको उपभोग वृद्धि हुनु भनेको व्यक्ति अनि समाजको आयस्तर वृद्धि हुनुको मापक पनि हो । तर, गरिब सुकुम्बासी अनि ज्यालादारी, बनीबुतो गरी खानेहरूका लागि त दसैं नै कुर्नुपर्ने हुन्छ, त्यो पनि ऋण काढ्नुपर्ने बाध्यता ।

हिन्दूहरूको महान चाड दसैंमा अत्यधिक मासुको प्रयोग हुने गर्दछ । हजारौं खसीबोका, च्यांग्रा, राँगा, कुखुरालगायत पशुपक्षीको बध गरिन्छ । आफ्नो धर्म रीति परम्पराअनुसार आफ्नो गच्छेले भ्याए पनि नभ्याए पनि एउटा पशुपक्षी आफ्नो कूल देवतालाई बलि चढाउनैपर्ने मान्यता छ ।

हाम्रा गाउँघरतिर त बूढापाकाले यसपटकको चाडबाडमा खसीबोका, च्यांग्रा बधपछि अर्को वर्षलाई गोठमा भएको पाठापाठीलाई अर्को वर्षका लागि तयार पार्थे । तर, आजको सहरी पुस्ताका लागि बढ्दो सहरीकरणको प्रभाव खेती तथा पशुपालनका लागि चाहिने ठाउँको संकुचनले गर्दा यो असम्भवमात्र हैन दुरुह कार्य हुन जान्छ । त्यसैले दसैंका लागि चाहिने खसी, बोका, च्यांग्राको हाम्रो श्रोत कि त ग्रामिण क्षेत्रमा भएका आफन्तले खसीबोका पालेको भए कोसेली पठाइ पो दिन्छ कि ! तर अहिले तराई, पहाड, हिमाल सबैतिरका मानिसहरू यही सहरमा थुप्रिएका छन् ।

### विकल्प के त ?

खाद्य संस्थानले खसीबोका, च्यांग्रा ल्याई मूल्य तोकी बिक्री गरिहाले आफू जाँदा आफ्नो भागमा किन्नै मन लागे पनि पाइएला वा नपाइएला, पाइहाले छिट्टै पुगेको छिमेकीले छान्दा बाँकी रहेको पनि भाग नपर्ला भन्ने डर पनि छ । त्यसबाहेक यो काठमाडौं उपत्यकाकै कुरा गर्ने हो भने नियमितरूपमा खसीबोका, च्यांग्रा किन्ने ठाउँ भनेको कलंकीको खसीबजार, टुकुचाको खसीबजार त छँदै छ, त्यसबाहेक दसैंको बेला बाटा, चौबाटामा पनि खसीबोका, च्यांग्रा बिक्री गर्न राखिएको पाइन्छ । समस्या अलिकति मूल्यमा पर्नसक्छ । सरकारी निकायले बजार अनुगमन थालेको हुन्छ । यसबारेमा अन्तिम निर्णय त उपभोक्ता तथा बिक्रेताको समझदारीको कुरा भयो ।

### समस्या कहाँ छ ?

आजको काठमाडौंको बसाइँ अलि बेग्लै छ, घर त आफ्नो छ तर बहाल पनि लगाइएको छ । पहिले नै खसीबोका किनेर ल्याउँ, बहालमा बस्नेलाई झिझो लाग्ला भन्ने डर वा घरधनीले कचकच गर्ला भन्ने डर । अनि यसको एउटा समाधान त छ त्यो के भने, घरमा साइत पनि जुरायो, पानी ततायो अनि खसीबोका किन्न हिँड्यो, जे मूल्यमा आफ्नो गच्छेअनुसारको खसीबोका ल्यायो अनि बलि चढायो । यो नै व्यावहारिक बनेको देखिन्छ ।

यदि पहिला नै खसीबोका खरिद गर्ने सोचिएको छ अनि घरमा राख्ने ठाउँ पनि घरबेटी, बहालमा बस्नेको मात्रै कुरा नभई छिमेकीले पनि कचकच गर्दैन भन्नेमा आश्वस्त हुनुपर्दछ । खसी किन्दा डम्म पेट भएका, लौ यो त खासै रहेछ भनी नकिन्नुहोला । त्यसबेला खसीबोका मोटाघाटा देखाउन प्रसस्त अन्न खुवाएको हुनसक्छ । किनभने, त्यसबेला खसी बिक्रेताले यो यति किलोको है भनी मूल्य तोक्ने गर्छन् । त्यतिबेला खसीबोका किनिहाल्नुभयो भने घरमा ल्याई बध नगरिञ्जेलसम्म थप अन्न खान नदिनुहोला, किनभने त्यो खसीबोकाले पहिले नै जोहो गरिसकेको हुन्छ । अन्यथा तपाईंको खसीबोका फेरि अस्पताल पुऱ्याउनुपर्ने हुन्छ । बरू बलि चढाउने खसीबोका, च्यांग्रालाई सादा पानी, थोरै मात्रामा स्याउलो वा इलेक्ट्रो लाइट दिए पुग्छ ।

त्यसो गरियो भने, त्यो खसीबोका च्यांग्राले पहिला खाएको अन्न, घाँसपात पचाएर शरीरबाट मलमुत्रकारूपमा विसर्जन गर्छ अनि तपाईंले बध गर्दा त्यसको जीउमा लादी पनि कम हुन्छ । आन्द्रा भूँडी सफा गर्न पनि कम झण्झटिलो हुन्छ । यसभन्दा अझ फाइदा यसमा पो छ, त्यो खसीबोका च्यांग्राले खाएको अन्न घाँसपात, उसको शरीरमा अपच हुँदा त्यसबाट उत्पन्न हुने विषाक्त तत्त्व पनि उसको शरीरबाट बाहिरिएको हुन्छ । जसकारण त्यस्ता खसीबोका च्यांग्राबाट तयार पारेका दसैं परिकार स्वस्थ पनि हुन्छन् । तपाईं आफैंले बध, काटछाँट गर्नुभएको मासु स्वच्छ पनि हुन्छ, सफा त त्यसै हुने नै भयो । यसो भयो भने मासुका कारण स्वास्थ्यमा हुने जोखिम कम हुने छ ।

# बाढीपहिरोबाट काभ्रेमा ४२ करोडभन्दा बढीको क्षति



**काभ्रेपलाञ्चोक (प्रस)–** हालैको बाढीपहिरोले काभ्रेपलाञ्चोकको ११ हजार ६८० रोपनी क्षेत्रफलमा लगाएको बालीमा क्षति पुगेको छ । बाढीपहिरोले जिल्लाका १३ वटै स्थानीय तहमा उक्त क्षेत्रफलमा लगाइएको धान, मकै, आलु, तरकारीलगायत अन्य बालीमा क्षति पुगेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्लामा सात हजार २०० परिवारले लगाएको बालीको प्रारम्भिक क्षतिको अनुमानअनुसार ४२ करोड ६३ लाख रूपैयाँ रहेको उक्त कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले जानकारी दिए । सबैभन्दा धेरै पनौती नगरपालिकामा नौ करोड ४१ लाख रूपैयाँ, धुलिखेल नगरमा पाँच करोड ४८ लाख रूपैयाँबराबरको क्षति भएको छ ।

उक्त कार्यालयले सार्वजनिक गरेको कृषि क्षतिको विवरणअनुसार ६६९.८ हेक्टर क्षेत्रफलको धान, ३० हेक्टरको मकैबाली तथा ४२७.७९ हेक्टर क्षेत्रफलको अन्य कृषिबालीमा क्षति पुगेको जनाइएको छ । यस्तै दुई हजार नौ मेट्रिकटन धान, ८४ मेट्रिकटन मकै, चार हजार २०० मेट्रिकटन तरकारी तथा अन्य बालीमा गरी कूल छ हजार ३७१ मेट्रिकटनमा अनुमानित गिरावट आउने उल्लेख गरिएको छ ।

यसैबीच जिल्लामा बाढीपहिरोबाट करिब चार हजार पशुपन्छी हताहत भएका अनुमान गरिएको छ । सबैभन्दा धेरै पनौती नगरमा दुई हजार १०० पशुपन्छी मरेका छन् । जिल्लास्थित पशु सेवा कार्यालयका निमित्त प्रमुख निशान्त गेलालका अनुसार जिल्लाका १३ वटै तहबाट तथ्यांक संकलन जारी छ । जिल्लाका सबै भागमा सञ्चार सम्पर्क कायम नभएका कारण यकीन विवरण प्राप्त हुन केही दिन लाग्ने उनले बताए ।

बाढीपहिरो र डुबानबाट अतिप्रभावित तीन दर्जनभन्दा बढी स्थानीय तहलाई राहत तथा पुनर्निर्माणलाई प्राथमिकता दिन सरकारले शुक्रबार 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेको थियो । सरकारले तीन महिनाका संकटग्रस्त क्षेत्र घोषणा गरेमध्ये काभ्रेपलाञ्चोकको रोशी, तेमाल, बेथानचोक, चौरीदेउराली र महाभारत गाउँपालिका तथा पनौती, नमोबुद्ध, मण्डनदेउपुर नगरपालिका छन् ।

जिल्लाको १३ स्थानीय तहमध्ये पाँचखाल नगर, महाभारत र खानीखोला गाउँपालिकाबाहेक १० तहमा बाढीपहिरोमा परी ७८ जनाले ज्यान गुमाएका, पाँच जना बेपत्ता रहेका तथा ७५ जना घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । वर्षाजन्य विपद्मा परी काभ्रेपलाञ्चोकमा ३३ महिला, २९ पुरुष, नौ बालक र सात बालिकाको मृत्यु भएको छ ।

# पदयात्राका क्रममा पोल्याण्डका नागरिकको मृत्यु

**रसुवा–** हिमाली पदयात्राका क्रममा रसुवा र नुवाकोट जिल्लाको सिमानास्थित सूर्यकुण्ड आसपास क्षेत्रमा पोल्याण्डकी २३ वर्षीय सोविन्का अग्निएस्ज्काको सोमबार राति मृत्यु भएको छ ।

रसुवा जिल्ला प्रहरी प्रमुख केशव भट्टराईका अनुसार पोल्याण्डका राहदानी नं 'एफई ३०५१८११' की अग्निएस्ज्काको सूर्यकुण्ड आसपास क्षेत्रमा मृत्यु भएको हो । नेपाली सेनाको श्रीनाथ गण र जिल्लास्थित नेपाल प्रहरीको सहयोगमा शव गोसाइँकुण्ड ल्याई मंगलबार बिहान हेलिकप्टरमार्फत त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौं पठाइएको छ ।

रियल हिमालय ट्रेकिङ कार्यालयको अनुरोध तथा जिल्लास्थित सुरक्षा निकायको सहयोगमा शव काठमाडौं ल्याएको एयर डाइनेस्टीका उडान प्रबन्धक विवेक अधिकारीले जानकारी दिए । थप अनुसन्धानका लागि स्थलगतरूपमा जनशक्ति परिचालन गरिएको जानकारी दिँदै प्रहरी प्रमुख भट्टराईले लेक लागेर वा अन्य कारणले निधन भएको हो भन्ने विषयमा शव परीक्षण प्रतिवेदनपछि मात्र थाहा हुने बताए । *रासस*

# नाकामा तालिम प्राप्त कुकुर परिचालन

**वेदकोट (कञ्चनपुर)–** जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले चाडपर्व लक्षित सुरक्षा योजना लागू गरेको छ । प्रहरी उपरीक्षक चक्रराज जोशीकाअनुसार जिल्लाभर ८१५ सुरक्षाकर्मी परिचालन गरिएका छन् । 'जनशक्ति थप गरेर सुरक्षा जाँचमा कडाइ गरिएको छ,' प्रहरी उपरीक्षक जोशीले भने, 'चाडबाडमा शान्ति, सुरक्षा कायम गर्न योजनाबद्ध तयारी गरेका छौं ।'

भारतसँग सीमा जोडिएको गड्डाचौकी नाकामा तालिम प्राप्त कुकुर परिचालन गरिएको छ । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयबाट तालिम प्राप्त कुकुर मगाएर सुरक्षा जाँच भइरहेको प्रहरी उपरीक्षक जोशीले बताए । 'खुला नाका भएकाले लागुऔषधलगायत विष्फोटक पदार्थ भित्रिनसक्ने हुँदा तालिम प्राप्त कुकुर परिचालन गरी सुरक्षा जाँच थालिएको हो,' उनले भने ।

प्रहरीले 'शेरा' र 'लैला' नामक तालिम प्राप्त कुकुर परिचालन गरेको छ । ट्राफिक प्रहरी जनशक्ति पनि थप गरेर सवारी जाँचमा कडाइ गरेको प्रहरी उपरीक्षक जोशीले बताए । भारतबाट आएका यात्रुका लागि गड्डाचौकी नाकामा नागरिक सहायता कक्ष राखिएको छ । महेन्द्रनगर बसपार्क, झलारी, गुलरिया, बेलौरी, पुनर्वासलगायतका स्थानका यात्रु सहायता कक्षबाट समस्यामा परेका यात्रुलाई सहयोग गरिएको छ । *रासस*


## Shuklagandaki Municipality

Office of the Municipal Executive

Dulegaunda, Tanahun, Gandaki Province, Nepal

**Invitation for only Electronic Bids**

**First Date of Publication: 2081/06/23**

1. The ***Shuklagandaki Municipality*** invites only electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shuklagandaki Municipality, Office of the Municipal Executive, Dulegaunda, Tanahun or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

**Project Description:**

| S. N | Name Of the Project | Contract Identification No. | Estimated amount NRs. (Inclusive VAT and PS Item) | Bid Security Amount NRs. | Bid Price NRs. | Last Date Of Submission |
|---|---|---|---|---|---|---|
| 1 | Upgradation of Shahid Laldoj Motor Marga, Shuklagandaki-1 & 2, Tanahun. | 7/NCB/WORKS/ SMC/2081-082 | 1,95,68,914.55 | 4,90,000.00 | 3,000 | 2081/07/23 |
| 2 | Protection Work at Shuklagandaki Municipality Waste Management Centre, Shuklagandaki-05, Tanahun. | 8/NCB/WORKS/ SMC/2081-082 | 58,65,347.37 | 1,50,000.00 | 3,000 | 2081/07/23 |
| 3 | Supply and Fabrication of Steel Parts and Fixtures of Gomati Bagar Kumle Khola Steel Truss Bridge, Shuklagandaki-06, Tanahun | 9/NCB/WORKS/ SMC/2081-082 | 4,62,846.27 | 15,000.00 | 3,000 | 2081/07/23 |

……………………………………..

**Chief AdministrativeOfficer**

## भीमदत्त नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**कञ्चनपुर**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आन्तरिक आयको ठेक्का सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०३ गते**
**दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/१३ गते**
**तेस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२ गते**
**चौथो पटक प्रकाशित मिति : २०८१/०६/२२ गते**

भीमदत्त नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयको बहु-वर्षिया ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८१/०६/२१ का दिन सार्वजनिक खरिद नियम (४०) को उप-नियम (२) वमोजिम सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल https://www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०७/०७ गते दिनको १२:०० बजेसम्म र बोलपत्र खोल्ने मिति २०८१/०७/०७ गते दिनको १:०० बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

**देहाय :**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.व.२०८१/२०८२ को न्युनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| आ.व. २०८१/०८२ को | नगर क्षेत्रमा पटके व्यवसाय कर सङ्कलन | २७,२२,५००/०० | आ.व.२०८२/०८३ का लागि ठेक्का सम्झौता रकम आ.व.२०८१/०८२ को कबोल अंकमा १० % थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व.२०८३/०८४ का लागि ठेक्का सम्झौता रकम आ.व.२०८२/०८३ को कबोल अंकमा १० % थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

**विस्तृत** : जानकारीका लागि **https://www.bolpatra.gov.np/egp** मा **BID Document** हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

## अजिरकोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

भच्चेक, गोरखा

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२३)

यस अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरूमा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गााउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. माग गरिएका पदहरू

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | क. मेडिकल जनरलिष्ट | नवौं | १ | एम.डि.जि.पि.विषयमा स्नातकोत्तर उत्तिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| २ | २/२०८१-०८२ | डेण्टल सर्जन | आठौं | १ | वि.डि.एस. वा सो सरह उत्तिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| ३ | ३/२०८१-०८२ | सूचना प्रविधि अधिकृत | छैठौं | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट BCA, BIT, BSC, CSIT, BIM, कम्पुटर ईन्जिनियरिङ वा सूचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण भएको | आन्तरिक श्रोततफ |
| ४ | ४/२०८१-०८२ | फिजियो थेरेपि असिस्टेण्ट | सहायकस्तर पाँचौ | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्ताबाट फिजियोथेरेपि असिस्टेण्ट कोर्ष उत्तिर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| ५ | ५/२०८१-०८२ | मनो सामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौ | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टार्फ नर्स कोर्ष उत्तिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको वा स्वास्थ्य शिक्षा विषय लिइ प्रमाणपत्र तह उत्तिर्ण भएको | संघीय श्रोततर्फ |
| ६ | ६/२०८१-०८२ | अ.हे.व | सहायकस्तर चौथो | २ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कमतिमा अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| ७ | ७/२०८१-०८२ | गणक (तथ्याङ्क संकलक) | सहायकस्तर चौथो | २ | कम्तिमा १२ पास वा सो सरह उतिर्ण गरि एक वर्षका कार्य अनुभव भएको वा ओभरसियर, सव-ओभरसियर वा अन्य प्राविधिक तह अध्ययन वा कामको अनुभव भएको | आन्तरिक श्रोततर्फ |
| ८ | ८/२०८१-०८२ | अ.न.मि. | सहायकस्तर चौथो | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अ.न.मि. कोर्ष उत्तिर्ण गरेको र नेपाल नर्सिङ्ग परिषद्मा दर्ता भएको | संघीय अनुदानबाट |
| ९ | ९/२०८१-०८२ | नायब पशु सेवा प्राविधिक | सहायकस्तर चौथो | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा टि.एस.एल.सी./टि.एस.ई.ई. उत्तिर्ण गरी (विषय भेटेरीनरी) | आन्तरिक श्रोततफ |

२. दरखास्त दिने स्थान (सबै पदको लागि) : अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।
३. दरखास्त दिने अन्तिम मिति (सबै पदको लागि) : २०८१/०७/०७ गते कार्यालय समयसम्म ।
४. आवेदन दस्तुरः- अधिकृत छठौं वा सो भन्दा माथि स्तर रू.१०००/-(रू. एक हजार मात्र), पाँचौ तहः- रू ६००/- (रू. छ सय मात्र), चौथो तह :- रू ५००/- (रू. पाँच सय मात्र),
५. छनौटको किसिम : सबै पदको लागि - प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।
६. आवेदनमा संलग्न कागजातहरू (सबै पदको लागि) : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरू
   क. नागरिकता
   ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाणपत्र
   घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ. ३ प्रति पासपोर्ट साइजको फोटो
   च. सम्बन्धित पदको लागी सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र
   छ. स्वास्थ्य सेवाको हकमा उमेरको हद १८ वर्ष पुरा भई ४४ वर्ष ननाघेको
७. सेवा सुविधा तथा अन्य : नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह वा गाउँपालिकाको सम्झौता बमोजिम
८. आवेदनको ढाँचा तथा अन्य जानकारीः अजिरकोट गाउँपालिकाको वेवसाइट *www.ajirkotmun.gov.np* र अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
९. परिक्षा मितिः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# जोखिम छ तर, नागढुंगा–मुग्लिन सडकमा आत्तिनु पर्दैन !

■ शंकर श्रेष्ठ

**धादिङ–** सडक कुनाको भित्ताबाट खसेका स-साना पहिरो नालीमै छन् । आवतजावत छेकिनेगरी झरेका पहिरो पन्छाए पनि सडक कुनामा थुप्रो लागेका अनगिन्ती पहिरो सफा गर्न अझै बाँकी छ ।

कृष्णभिरसहित तत्काल मर्मतको सम्भावना नहरेका केही स्थानमा सडक एकतर्फी छ । तर, सवारी चल्न अवरोध भएको छैन । त्रिभुवन राजपथको नागढुंगा-नौबिसे सडकखण्ड र पृथ्वी राजमार्गको नौबिसे-मुग्लिन सडकखण्डको वास्तविक अवस्था यही हो ।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक दीपेन्द्र शाही भन्छन्, 'तपाईं जो कोही पनि सहजै यात्रा गर्न सक्नुहुन्छ । कहीँकतै असहज अवस्था सिर्जना नहोस्, विपद् नपरोस्, परिहाले छ भने धनजनको क्षति हुन नदिन हामी चौबिसै घण्टा तपाईंको साथमा छौं ।'

एक साताअघि चार दिन निरन्तर परेको वर्षात्का कारण पाइलैपिच्छे झरेको पहिरो र गेग्रानले सडक कतै धुलाम्मे छ । भित्तामा मूल निस्किएको र नाली थुनिएर सडकमा पानी उक्लिएको स्थान हिलाम्मे छ । सडक विस्तारको काम गर्ने क्रममा भित्ता खारेको स्थानबाट खसेर सडकमा फिँजारिएको माटोले घाम लाग्दा धुलो उड्नु र पानी पर्दा हिलो हुनुलाई यतिबेला सामान्य मान्नुपर्छ । हरेक चालक होसियार भएर सवारी नियमको पालना गर्ने हो भने सम्भावित दुर्घटनाबाट जोगिन र जोगाउन सकिन्छ ।

दुईपांग्रे मोटरसाइकल-स्कुटरदेखि चारपांग्रे कार जिपसँगै ठूला यात्रु बस र दस, बाह्र, चौधपांग्रे ट्रकसम्म सबै किसिमका सवारी यही सडकमा चलेको छ । राजमार्ग एक मिनेट पनि खाली छैन । दसैं मनाउन घर फर्किनेको भीडले पृथ्वी राजमार्ग रातदिन नै व्यस्त छ । गृह मन्त्रालयबाट जिल्ला प्रहरी कार्यालय धादिङको जिम्मेवारी लिएर कार्यालय प्रवेश गर्नुअघिदेखि नै सडकको जाम हटाउन र जोखिमपूर्ण स्थानको निरीक्षणमा खटिएका प्रहरी उपरीक्षक शाही बताउँछन्, 'यस्तो अवस्थामा सडक छेउकुनामा डोजर चलाएर कुदिरहेका सवारीलाई पर्खाउनसक्ने अवस्था छैन ।'

त्रिभुवन राजपथको सिक्रेखोलादेखि नागढुंगासम्म यतिबेला अत्यधिक धुलो छ । साना सवारीले झ्यालढोका बन्द गरेर हिंड्छन् । तर, मोटरसाइकल र स्कुटरलाई यो सडक पार गर्न निकै कष्ट छ । रातिको समयमा भने ठूला सवारीका चालक पनि अनुमानको भरमा सवारी चलाउन बाध्य छन् । पानी पर्‍यो भने त्यही धुलो लेदो हिलोमा परिणत भएर चिप्लो हुने निश्चित छ । फाटिएका सडक भासिनसक्ने खतरा पनि उस्तै छ ।



धुलोले रंगिएको बेला जथाभावी उछिन्न खोज्ने र दुर्घटना हुनसक्ने सम्भावनालाई ध्यानमा राखेर पीपलमोड, झ्याप्ले खोला, गणेश मन्दिरलगायत अप्ठ्यारा स्थानमा ट्राफिक प्रहरी र जनपथ प्रहरीले संयुक्तरूपमा 'ड्युटी' गरिरहेका छन् ।

साना तथा हलुका अधिकांश सवारीले धार्के-सीतापाइला सडक प्रयोग गरिरहेका छन् । धादिङको गल्छीबाट नुवाकोटको गँगटे, छहरे हुँदै काठमाडौं प्रवेश गर्ने र त्यही सडक प्रयोग गरेर काठमाडौंबाट बाहिरिने सवारीको संख्या पनि कम छैन । पछिल्लो समय चित्लाङ र पालुङ भएर हेटौंडा निस्कने सडक मर्मत भएपछि पनि नागढुंगा नौबिसे सडकलाई सवारीको भार केही कम भएको छ । सवारीको भार कम भएसँगै जामको चुनौती पनि कम भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक सुरज श्रेष्ठले जानकारी दिए ।

नागढुंगा-नौबिसे क्षेत्रका पहिरो पूर्णरूपले थामिसकेको छैन । जुनकुनै ठाउँमा जुनकुनै बेला पहिरो झर्नसक्ने र ढुंगा खस्नसक्ने जोखिम छ । जोखिम क्षेत्रमा सवारी चापलाई मध्यनगर गरेर पनि साना तथा हलुका सवारीलाई धादिङको वैकल्पिक सडक प्रयोग गर्न पनि प्रहरीले सुझाव दिने गरेको छ । सडकमाथि भित्ताबाट सडकमा खसेका गेग्रान ढुंगा, नाली थुनिएर सडकमा बगेको पानी, सफा गर्दै गरेको पहिरोले नौबिसे-नागढुंगा खण्डमा जस्तै पृथ्वी राजमार्गको नौबिसे-मुग्लिन खण्डमा पनि साना सवारी र दुईपांग्रे सवारीलाई जोखिमपूर्ण नै छ ।

नागढुंगादेखि मुग्लिनसम्म ९६ किलोमिटर राजमार्गमा भएका सबै पहिरो गन्न सकिने अवस्था छैन । करिब ५० भन्दा बढी स्थानमा पानी परेपछि गाडी छेकिने किसिमको पहिरो छ । यसअघि सवारी छेकिनेगरी पहिरो झरेका स्थान, निर्माणाधीन पुल र सवारी एकतर्फी हुनसक्ने साँघुरा स्थानको दुवैतर्फ ट्राफिक प्रहरी र जनपथ प्रहरी तैनाथ गरेर चालकलाई सजग गराइएको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए । सशस्त्र प्रहरीले समेत राजमार्गमा सक्रियताका साथ गस्ती गरिरहेको छ ।

## पृथ्वी राजमार्गमा दैनिक कति सवारी गुड्छन् ?

नागढुंगाको चेकपोस्ट हुँदै दैनिक कति सवारी काठमाडौं भित्रिन्छन् र कति बाहिरिन्छन् यकीन तथ्यांक छैन । सामान्य अवस्थामा दैनिक १३ हजार र चाडपर्वका बेला २० हजारसम्म सवारी आवतजावत हुने अनुमान छ । निजी सवारीबाहेक चौबिसै घण्टा सबै सवारीको नम्बरसहित तथ्यांक राख्ने महानगरीय प्रहरी प्रभाग नागढुंगासँग पनि नौबिसे नागढुंगा खण्ड हुँदै दैनिक कति यात्रुवाहक र मालवाहक सवारी आवतजावत गर्छन् भन्ने तथ्यांक छैन । बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय, रामनगरका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खान भन्छन्, 'हामीसँग ठ्याक्कै तथ्यांक छैन । *रासस*

---

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**मलाही मलंगवा, मोही फाँट**

### ३५ दिने सार्वजनिक सूचना

जि. सर्लाही साविक गा.वि.स. डुमरीया हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने **जगरनाथ सिंह** भुमिहार नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. मधुवनी वार्ड नं. ३ हाल गोडैता न.पा. वार्ड नं. १२ मा बस्ने रामदरेश महतो को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. मधुवनी वार्ड नं. ४ कि.नं. ५२ को क्षेत्रफल ०-८-१० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. डुमरीया हाल बलरा न.पा. वार्ड नं. ७ मा बस्ने जगरनाथ सिंह भुमिहार को नाम उल्लेख रहेकोमा जग्गा धनीले मरूवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/६/१४ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरूवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

---

### सनवे ईन्टरनेशनल विजनेश स्कूल प्रा.लि.,मैतिदेवी, काठमाडौंको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०६/२३

यस सनवे ईन्टरनेशनल विजनेश स्कूल प्रा.लि. का.म.न.पा. वडा नं. ३० मैतिदेवी, काठमाडौ द.नं. ७७३०३/०६७/०६८ पान ३०४५६८०३७ ले Birmingham City University, UK को सम्वन्धनमा BA(Hons) Marketing with Digital Communication, कोर्ष परिवर्तन गरी Birmingham City University,UK को सम्वन्धमा संचालन हुने BSc(Hons) Business Information Technology शैक्षिक कार्यक्रम संचालन गर्ने गरी कोर्ष परिवर्तन गर्ने निर्णय भएकोले उक्त संस्थासँग कोही कसैको केही लिन दिन वा वाँकी वक्यौता भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा माग दावी गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्चशिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका (संशोधन सहित), २०५९ को दफा ९ क को खण्ड (छ) को प्रयोजनको लागि यो सूचना प्रकासित गरिएको छ । उक्त अवधि भित्र कुनै दावि विरोध नपरेमा नियमानुसार भै जाने व्यहोरा समेत जानकारी गराईन्छ

---

### काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०६/२३**

रहतावल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा. -०३ र ०५ कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व. २०७९/०८० मा संकलन गरी उत्पादन भएका काठरदाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २१७९ को १३०८४.५९ क्यू. फि. काठ, असना जातको गोलिया थान २३४ को १४२६.६४ क्यू. फिट काठ, कर्मा जातको गोलिया थान १५ को १०२.६२ क्यू. फिट काठ, विजयसाल जातको गोलिया थान ६ को १३.६२ क्यू. फिट काठ, कुसुम महुवा, बाझी, दवदवे, असिद्ध, आदि अन्य जातको गोलिया काठ थान ३४४ थानको को १५७९.५९ क्यू. फिट काठ गरी कुल गोलिया थान २७७७ को १६२०७.०६ क्यू. फिट काठ र साल जातको दाउरा २९ चट्टा र मिश्रित दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरूले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रहतावल सामुदायिक वन उपभोक्ता समूह,**
**शिवराज न.पा-०३ र ०५ कपिलवस्तु**

---

### एस इन्टरनेसनल बिजनेस स्कूल, सिनामंगलको स्थान परिवर्तन सम्बन्धी जरूरी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०६/२३**

काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं ९ स्थित सिनामंगलमा सञ्चालन भईरहेको यस **एस इन्टरनेसनल बिजनेस स्कूल** काठमाडौं महानगरपालिका वडा नं ३१ स्थित नयाँवानेश्वर, एकता मार्गमा रहेको कलेज भवनमा सञ्चालन स्थान परिवर्तित गर्न लागेको हुँदा सो सम्बन्धमा कसैको कुनै उजुरी दावी रहेको भए यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कलेजमा वा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवारको उच्च शिक्षा शाखामा उजुरी दावी विरोध पेश गर्न हुन सार्वजनिक रूपमा सूचित गरिन्छ । उक्त मिति भित्र कुनैपनि दावी विरोध पेश हुन नआएमा नियम अनुसार भैजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

---

## पूर्व अरनीको यातायात प्रा. लि.

### जगेडा (मौज्दात) शेयर बिक्री आव्हान गरिएको सम्बन्धी सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२३ गते*

यस **पूर्व अरनीको यातायात प्रा.लि.**नेपाल सरकारको निर्णय अनुसार साविकको **अरनीको यातायात सेवा समिति**बाट प्राइभेट लिमिटेड कम्पनीमा रूपान्तरित कम्पनी हो । साविक **समिति**मा आबद्ध रही हाल रूपान्तरित कम्पनीमा सवारी साधन पञ्जिकृत गरी सार्वजनिक यातायात सेवा संचालन गरिरहेका प्रत्येक व्यवसायी तथा सदस्यलाई प्राथमिकताका साथ प्रतिकित्ता रु.१००।- दरको न्यूनतम ५०० थान साधारण शेयर वापत रु.५०,०००।- (पचास हजार)को शेयर विक्री गरी कम्पनीमा व्यवसायिक साझेदारी/हिस्सेदारी कायम गराउने व्यवस्था मिलाउन एवम् कम्पनीको नियमित संचालनका लागि आवश्यक चुक्ता शेयर पूँजीको व्यवस्था मिलाउनु आवश्यक भएकोले कम्पनीको नाममा जगेडा (मौज्दात)मा रहेको साधारण शेयर बिक्री गर्ने सम्वन्धमा कम्पनीका मौजुदा शेयरधनी, व्यावसायी, सदस्य तथा अन्य सर्वसाधारण महानुभावहरूलाई शेयर खरिद गर्नका लागि यस अघि पनि पटक पटक सूचना र जानकारी गराई आव्हान गरिएकोमा पुनः यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत २०८१/०७/१५ गते भित्र कम्पनीको जगेडा (मौज्दात) शेयर खरिद गर्नका लागि रितपूर्वक आवेदन गर्नुहुन अनुरोध छ। अन्यथा अन्य ईच्छुक शेयर खरिदकर्तालाई शेयर बिक्री गर्ने व्यवस्था मिलाइनेछ । जगेडा (मौज्दात) शेयर बिक्रीका सम्बन्धमा विस्तृत जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालय, लोकन्थली भक्तपुरमा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

**सञ्चालक समिति**

---

## कुवेतमा रोजगार

कम्पनी : VALUE TEA SNACKS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 311981 | चलानी नं. ६०२२६३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef/assistant Chef | 6 | 0 | 150 | ६५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRAKAMANA Govt. License No. 1405/074/75
**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

---

## कुवेतमा रोजगार

कम्पनी : WX Consumer Delivery Company

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 312024 | चलानी नं. ६०२२६३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVER/DRIVER | 11 | 0 | 140 | ६१,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६
**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

---

## कुवेतमा रोजगार

कम्पनी : ABSHER JAY DELIVERY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 305686 | चलानी नं. ६०२२०४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 23 | 0 | 135 | ५९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६०२/०७९/०८०
**BRIGHT FUTURE HR SOLUTION PVT. LTD.**
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com

---

## कतारमा रोजगार

कम्पनी : Trinetra Trading Contracting and Cleaning

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 311917 | चलानी नं. ६०२०६३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1800 | ६६,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 4 | 0 | 2500 | ९२,१५० | | | | | | | |
| 3 | Gen. Clean Worker | 13 | 0 | 1000 | ३६,८६० | | | | | | | |
| 4 | Mason (Nepal) | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 5 | Plumber Assistant | 3 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 6 | Representative/pro | 2 | 0 | 2500 | ९२,१५० | | | | | | | |
| 7 | Supervisor | 3 | 0 | 2500 | ९२,१५० | | | | | | | |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 311918 | चलानी नं. ६०२०६३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason, Weldiong Technician, P | 2 | 0 | 1200 | ४४,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (Light/heavy) | 2 | 0 | 2000 | ७३,७२० | | | | | | | |
| 3 | Foreman | 4 | 0 | 2500 | ९२,१५० | | | | | | | |
| 4 | Gen Clean Worker | 5 | 31 | 1000 | ३६,८६० | | | | | | | |
| 5 | Labor Services | 2 | 0 | 1000 | ३६,८६० | | | | | | | |
| 6 | Supervisor | 3 | 0 | 2500 | ९२,१५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

---

## कतारमा रोजगार

कम्पनी : AL ZAYED LLMQAWLAT WLL

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | LT. No. 310649 | चलानी नं. ६०२२५१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounts Executive | 1 | 0 | 3600 | १३२,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1100 | ४०,५४५ | | | | | | | |
| 3 | Electric | 2 | 0 | 1100 | ४०,५४५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९२,१५० | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1000 | ३६,८६० | | | | | | | |
| 6 | Purchasing Representative | 1 | 0 | 2200 | ८१,०९५ | | | | | | | |
| 7 | Receptionist | 0 | 1 | 1100 | ४०,५४५ | | | | | | | |
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.

श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

**जिल्ला अस्पताल दार्चुला**

**विशेषज्ञ जनशक्ति परामर्श सेवामा छनौट गर्न आशय पत्र पेश गर्ने सम्बन्धी सूचना ।**

*(प्रथम पटक प्रकाशित मिति २०८१/०६/२३ गते)*

यस जिल्ला अस्पताल दार्चुलाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विशेषज्ञ सेवा प्रदान गर्न परामर्श सेवामा तपसिल बमोजिमका जनशक्ति छनौट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० र नियमवलीको नियम ७० बमोजिम निम्नानुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले ३० तिस दिनभित्र आशयपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बिज्ञापन नं | पद | सेवाको किसिम |
|---|---|---|---|
| १. | ०१/२०८१/०८२ | बाल रोग विशेषज्ञ | दैनिक ओ.पि.डी.सेवामा रही विरामीको परिक्षण उपचार, परामर्श सेवा प्रदान गर्ने । |

**आशय पत्र साथ पेश गर्नुपर्ने कागजातहरू :**

(१) नेपाली नागरिकताको प्रतिलिपि
(२) शैक्षिक योग्यताका प्रमाण पत्र प्रतिलिपि
(३) काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइने छ ।
- आशयपत्र पेश गर्ने अन्तिम मिति २०८१/०७/२० गते सम्म ।
- आसय पत्र पश गर्नु पर्ने स्थानः जिल्ला अस्पताल दार्चुला ।
- यस बाहेकका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।
- अन्य थप जानकारीका लागि जिल्ला अस्पताल दार्चुलाको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।

**नोट**: : आशयपत्र यस अस्पतालको ईमेल : darchulahospital@gmail.com मा पनि पठाउन सकिने छ ।

**नि. मेडिकल सुपरिटेन्डेन्ट**




## भिडियोमा 'कस्तो हो यो माया'

मोडल एवं निर्देशक हेरूका लामाद्वारा निर्देशित 'कस्तो हो यो माया' बोलको गीत बजारमा आएको छ । क्यानाडामा रहेर पनि आफ्नो करिअरलाई अगाडि बढाउने क्रममा उनले म्युजिक भिडियो बजारमा ल्याएका हुन् । म्युजिक भिडियो क्यानाडाको विभिन्न रमणीय स्थानहरूमा छायांकन गरिएको छ । म्युजिक भिडियोलाई उनै निर्देशक लामाले पहिलोपटक छायांकन गरेका हुन् । भिडियोमा ईश्वर थापा र परीथा खड्काको अभिनय रहेको छ ।





# वरिष्ठ स्रस्टा भट्टराईको 'दिलमायाको चिया दोकान' सार्वजनिक

■ प्रभाव संवाददाता

**फुङ्लिङ (ताप्लेजुङ)–** गीतकार टंकबहादुर भट्टराईद्वारा रचित 'दिलमायाको चिया दोकान' गीत सार्वजनिक भएको छ । ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले उक्त गीत सार्वजनिक गर्दै ताप्लेजुङको आर्थिक र सांस्कृतिक पर्यटन, व्यवसायको उन्नयनमा गीतले विशेष योगदान पुऱ्याउने अपेक्षा व्यक्त गरे ।

सहायक प्रमुख जिल्ला अधिकारीका रूपमा आफूले कार्यरत रहँदा भोगेका र अवलोकन गरेका विषयलाई गीतमा जीवन्त प्रस्तुत गरिएको गीतकार भट्टराईले जानकारी दिए । उनले भने, 'गीतले ताप्लेजुङको सुन्दरता र चियाको पसलजस्तो सानो व्यवसायमा लागेका मानिसलाई सम्मान र प्रेरणा दिन खोजेको छ । स्थानीय सानातिना व्यवसायमा लागेका मानिसको संघर्ष, लगनशीलता र स्थानीय पर्यटनको महत्वलाई गीतमा समेटिएको छ ।'



सो अवसरमा कञ्चनजंघा साहित्य प्रतिष्ठानका अध्यक्ष कमल भट्टराई, कोशी प्रदेशका पूर्वमन्त्री बलबहादुर साम्सोहाङ, मिक्वाखोला गाउँपालिका अध्यक्ष भक्तबहादुर कार्की र फुङ्लिङ नगरपालिका उपप्रमुख भीमादेवी ओझालगायतले ताप्लेजुङको पर्यटन र साना व्यवसायीलाई प्रोत्साहन गर्न गीतले सहयोग पुऱ्याउने विचार व्यक्त गरे । उनले स्रस्टा भट्टराईले अगामी साहित्यिक यात्रा अनवरतरूपमा लागिरहने विश्वाससमेत व्यक्त गरे ।

'दिलमायाको चिया दोकान' गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिने जनाइएको छ । पाथीभरा क्रिएसन हाउसका प्रमुख हर्कराज गुरुङले गीतको म्युजिक भिडियो निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिए । गीतमा राजनराज शिवाकोटीको संगीत, मिलन नेवार र गायक इन्जिनियर वीरेन्द्र श्रेष्ठको स्वर समावेश गरिएको छ । साना उद्यमी र ताप्लेजुङको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रवर्द्धनमा गीतका शब्दले विशेष भूमिका खेल्ने गायक श्रेष्ठले बताए ।

उनका अनुसार 'दिलमायाको चिया दोकान'ले चिया पसलजस्तो सानो व्यवसायलाई सम्मान दिनुका साथै व्यावसायिक अनुशासन, लगनशीलता र इमान्दारिता झल्काउने प्रयास गरेको छ । उनले भने, 'गीतको निर्माणले ताप्लेजुङमा रहेका पर्यटन र चिया व्यापारजस्ता साना व्यवसायको विकासमा प्रत्यक्षरूपमा टेवा पुऱ्याउने उद्देश्य राखेको छ । साना व्यवसाय ताप्लेजुङमा मात्रै नभई देशभरि पर्यटनको मुख्य आधारस्तम्भ बनिरहेका छन् । यस्ता व्यवसायले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै आन्तरिक तथा बाहृय पर्यटनको वृद्धि गर्न सहयोग गरेका छन् ।'

# अध्येता सोडारीले ल्याए 'शिवलिंगभित्रको विज्ञान'

**काठमाडौं (प्रस)–** धर्मसंस्कृतिका अध्येता हरिप्रसाद सोडारीद्वारा लिखित 'शिवलिंगभित्रको विज्ञान' सार्वजनिक भएको छ । अनुसन्धानात्मक उक्त कृति आराध्यदेव पशुपतिनाथलाई अर्पण र डा. स्वामी प्रपन्नाचार्यको तस्बिरमा समर्पण गरी मंगलबार पशुपतिनाथ मन्दिर परिसरमा सार्वजनिक गरिएको हो ।

शोधकर्ता सोडारीले यसअघि पनि 'के ईश्वर छ ?,' 'साधनाको अनन्त यात्रा डा. स्वामी प्रपन्नाचार्य' र 'धर्मभित्रको विज्ञान' कृति प्रकाशन गरिसकेका छन् । एउटा अनुवाद र २२ वटा ग्रन्थ सम्पादन गरेका सोडारीले यस ग्रन्थमा तन्त्र, मन्त्र, यन्त्रसहित साधनाका विषयलाई प्राथमिकता दिएका छन् ।

झण्डै १३ वर्षको अनुसन्धानपछि पुस्तक तयार भएको लेखक सोडारीले जानकारी दिए । वेदका अध्येता गुरु डा. स्वामी प्रपन्नाचार्यको आशीर्वचन राखी नेपालको माटोदेखि मठमन्दिर, शिवालय, देवस्थल, तीर्थस्थलको महिमालाई मुख्य विषयवस्तु बनाइएको उनले जानकारी दिए ।

ऋषिमुनि, साधक, साधनाको गरिमालाई वैज्ञानिक दृष्टिले हेर्ने चिन्तनलाई सोडारीले ३५६ पृष्ठको यस कृतिमा समावेश गरेका छन् । अन्तिम खण्डमा पुस्तकमा वर्णित तथ्यलाई पुष्टि गर्ने ३५ वटा चित्र समावेश गरिएका छन् ।

## रंगशाला

### महान्यायाधिवक्ता कार्यालयको निर्णय

# क्रिकेटर लामिछानेविरुद्धको मुद्दामा पुनरावेदन नगर्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** महान्यायाधिवक्ता कार्यालयले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कारको मुद्दामा पुनरावेदन नगर्ने निर्णय गरेको छ । उच्च अदालतको फैसला चित्त बुझेको हुनाले सर्वोच्च अदालतमा पुनरावेदन नगर्ने निर्णय गरेको महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले जानकारी दिए ।

'उच्च अदालतको फैसला चित्त बुझ्यो भने नेपाल सरकार पुनरावेदनमा जाँदैन, त्यही फैसला यथावत् रहन्छ,' उनले भने, 'उच्च अदालतको फैसला चित्त बुझेको हुनाले क्रिकेटर लामिछानेको मुद्दामा पुनरावेदन नगर्ने निर्णय भएको छ ।'

महान्यायाधिवक्ता कार्यालयले यही असोज १० गते क्रिकेटर लामिछानेविरुद्धका उक्त मुद्दामा उच्च अदालतको फैसलालाई सही मान्दै पुनरावेदनमा नजाने निर्णय गरेको जनाएको छ । उच्च अदालतका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको संयुक्त इजलासले क्रिकेटर लामिछानेविरुद्धको मुद्दामा गत जेठ २ गते आधार र प्रमाण नपुगेको भन्दै सफाइ दिने फैसला गरेको थियो । उक्त मुद्दाको गत साउन ४ गते पूर्णपाठ सार्वजनिक भएको थियो ।

फैसलाको पूर्णपाठमा भनिएको छ, 'आधार र कारणसमेतबाट यसमा प्रतिवादी सन्दीप लामिछानेले अनुसन्धानका क्रममा र अदालतमा गरेको इन्कारी बयान, परिवर्तित नाम गौशाला-२६ ले पठाएको म्यासेज, निजको शारीरिक परीक्षण प्रतिवेदन, निजको शारीरिक अवस्था, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने होटल काठमाडौं इन होटलका सेक्युरिटी कार्ड राजन राणाले गरेको बकऋमका साथै मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूसमेतबाट पुनरावेदक प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएन ।'

फैसलामा पीडितले प्रतिकार गरेको, कराएको, चिच्याएको, तेस्रो व्यक्तिसँग आत्मरक्षाका लागि कुनै सहयोगको याचना गरेको नदेखिएको उल्लेख छ । त्यस्तै उमेर पुगेका व्यक्तिहरूबीच जबर्जस्ती करणीको १ नं विपरीत नभई सहमतिमा भएको करणीलाई जबर्जस्ती करणी नमानिने भनेर सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको उल्लिखित तथ्यहरूले अनुमोदन गरेको इजलासको ठहर छ ।

फैसलाको पूर्णपाठको भनिएको छ, 'प्रतिवादीसँग पीडितले आर्थिक संरक्षण मागेको, प्रतिवादीले पछि सकेको सहयोग गर्छु भनेको तर कुनै सहयोग नगरी प्रतिवादी केन्यातर्फ गएको घटनाक्रमले रिसको आवेगमा प्रतिवादीउपर यस्तो जघन्य कसुरमा जाहेरी दिएको होला भनी यो तथ्यलाई ठाडै इन्कार गर्न सकिने अवस्था पनि देखिँदैन ।' पीडित प्रतिवादीले आफूलाई जबर्जस्ती करणी भने पनि निज वारदातको समय १८ वर्ष पूरा भएको देखिएको फैसलामा उल्लेख गरिएको छ ।

अदालतले मिसिल संलग्न सिसिटिभी फुटेजको स्क्रिप्टसमेतका प्रमाणबाट अभियोग दाबी शंकारहित तवरले पुष्टि नभएको, पीडित र प्रतिवादीबीच होस्टल नजिकबाट प्रतिवादीको गाडीमा बसी नगरकोट गएको, रातको समयमा काठमाडौं होटल इनमा बसी भोलिपल्ट प्रतिवादीले पीडितलाई निजको होस्टलमा पुऱ्याउँदाका अवस्थासम्मका उल्लिखित घटनाक्रमलाई विश्लेषण गरी हेर्दा जबर्जस्ती करणीको कसुर भएको मान्न मिल्ने अवस्था नदेखिएको ठहर छ ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले गत पुस २५ गते आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी पाँच लाख रूपैयाँ भराउने र गौशाला-२६ को कमजोर आर्थिक अवस्थाको फाइदा उठाएको ठहर गरेको थियो । सो फैसलाविरुद्ध लामिछाने उच्च अदालत पाटनमा गएका थिए । सो अदालतमा उक्त मुद्दाको सुनुवाइपछि लामिछानेलाई सफाइ हुने ठहर गरेको हो ।

गौशाला-२६ माथिको बलात्कारको अभियोगमा लामिछानेविरुद्ध २०७९ भदौ २१ गते उजुरी परेपछि गत असोज २० गते अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलबाट पक्राउ गरिएको थियो । उक्त मुद्दामा सरकारी पक्षले पुनरावेदन नगर्ने निर्णय गरेपछि उच्च अदालत पाटनको फैसलामा यथावत् रहने छ ।


# Gauriganj Rural Municipality

## Office of Rural Municipal Executive

**Koshi Province**

**Gauriganj, Jhapa**

# Invitation for Bids (IFB)

**Notice No:- 02/2081-82**

***First date of publication: 2081/06/23 B.S.***

1. **Gauriganj Rural Municipality, Office of Rural Municipal Executive** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, through the details are in the bidding document.

| Contract No | Description of Works | Estimated Amount (without VAT and contingency) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| GRMW/NCB/ WORKS/ 05/2081-82 | Hulaki Sadak Dekhi Fattepur Jodne Sadak Drain Sahit Kalopatre Nirman | 9458441.68 | 2,94,000.00 | 3000.00 |
| GRMW/NCB/ WORKS/06/2081-82 | Nayalal rajbanshi ko ghardekhi purba aspatal jane bato ra satish das ko ghar dekhi uttar krishna upreti ko ghar samma kalopatre sadak nirman | 4314966.07 | 1,19,000.00 | 3000.00 |
| GRMW/NCB/ WORKS/07/2081-82 | Kunjibari bajar dekhi purba baniyani khola samma drain sahit sadak kalopatre nirman | 4323597.73 | 1,19,000.00 | 3000.00 |
| GRMW/NCB/ WORKS/08/2081-82 | Kunjibari dekhi barhabighe sarangpada hudai kerkhabajar jodne sadak ma drain sahit kalopatre nirman | 3116238.92 | 86,000.00 | 3000.00 |
| GRMW/NCB/ WORKS/09/2081-82 | Krishi bidhutikaran ko lagi bidhyut pole tatha tar kharid | 8741318.77 | 2,41,000.00 | 3000.00 |

A complete set of Bidding Documents may be downloaded from the **PPMO E-Portal-www.Bolpatra.gov.np/egp (e-GP )**

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: NIC Asia Bank Ltd.

Name of Office: Gauriganj Rural Municipal, Jhapa

Ga 1.1 Aantarik Rajaswa khata Account no.: 0872050028409002

**Information to deposit the bid security amount in Bank:**

Name of the Bank: NIC Asia Bank Ltd.

Name of Office: Gauriganj Rural Municipal, Jhapa

Ga 3 Dharauti Khata Account no.: 0872050028426002

2. Electronic bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 2024-11-12(2081/07/27 BS) 12:00 hours . Bids received after this deadline will be rejected.
3. The Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 2024-11-12(2081/07/27 BS) 13:00 hours at the office of Gauriganj Rural Municipal, Jhapa, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid i.e 120 days.
4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original submission deadline.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. For further information Bidders can contact on following contact number during office hour :- (Planning Section-9849093786 )

**Chief Administrative officer**

# 'निश्चय नै' मैले मेरो ग्लक चलाएको छु : ह्यारिस



**वासिङ्टन–** राष्ट्रपति पदका डेमोक्रेटिक उम्मेदवार कमला ह्यारिसले सोमबार प्रसारित एक अन्तरवार्तामा उनीसँग ग्लक अर्ध-स्वालित पेस्तोल रहेको खुलासा गरेकी छन् । 'निश्चय नै' उनले यसलाई सुटिङ रेन्जमा चलाएको बताइन् । अमेरिकी उपराष्ट्रपतिको हतियार रोजाइबारे अड्कलबाजी चलिरहँदा उनले हालै टेलिभिजन स्टार ओप्रा विन्फ्रेलाई आफूसँग बन्दुक रहेको र आफ्नो घरमा कोही चोर पसेमा गोली हान्ने बताएकी थिइन् ।

'मसँग एउटा ग्लक धेरै समयदेखि छ,' प्राइमटाइम सिबिएस सो ६० मिनेटमा अन्तरवार्ता दिनेक्रममा कस्तो किसिमको बन्दुक छ भनेर सोधिएको प्रश्नमा पूर्वअभियोजक एवं क्यालिफोर्नियाकी पूर्वमहानायाधिवक्ता ह्यारिसले भनिन्, 'मेरो पृष्ठभूमि कानुन प्रवर्तनमा छ र त्यसैले त्यहाँ तपाईंको जवाफ छ ।'

अन्तरवार्ताकार बिल ह्विटाकरले त्यसपछि उनलाई कहिल्यै ग्लक चलाउनुभएको छ ? भनेर सोधे । उनले हाँस्दै जवाफ दिइन्, 'निश्चय नै मैले सुटिङ रेन्जमा चलाएको छु ।' अस्ट्रियाली निर्माता ग्लकले अमेरिकाको सबैभन्दा बढी बिक्री हुने ह्यान्डगनहरूमध्ये एक बनाउँछ । प्रहरीले व्यापकरूपमा प्रयोग गर्ने ग्लकले आफ्नो उपस्थितिका कारण चलचित्र र हिप-हप संस्कृतिमा लोकप्रियता पाएको छ ।

ह्यारिसको डेमोक्रेटिक पार्टीले नियमितरूपमा सशस्त्र अपराध र ठूलो मात्रामा गोलीकाण्डले प्रभावित अमेरिकामा बन्दुकको पहुँच कटौती गर्ने कुरामा जोड दिइरहेका बेला अहिलेसम्म ह्यारिसले आफूसँग बन्दुक रहेको कुरा विरलै उल्लेख गरेकी थिइन् ।

यद्यपि रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पसँगको कडा निर्वाचनमा ५९ वर्षीया डेमोक्रेट ह्यारिसले आफ्नो बन्दुकधारकको योग्यता देखाउन थालेकी छन् । ह्यारिसले अमेरिकी संविधानको दोस्रो संशोधनको उल्लंघन गर्दै अमेरिकीहरूको बन्दुक जफत गर्न चाहेका ट्रम्पले बारम्बार दाबी गर्दै आएका छन् । गत महिना भएको उनीहरूबीचको एउटामात्र टेलिभिजन बहसमा पनि ट्रम्पले यो कुरा दोहोऱ्याएका थिए ।

आफू र आफ्नो उपराष्ट्रपति उम्मेदवार टिम वाल्ज दुवै बन्दुकधारक रहेको उल्लेख गर्दै ह्यारिसले उक्त आरोपलाई जोडदाररूपमा अस्वीकार गरे । 'म बन्दुक मालिक हुँ,' उनले सेप्टेम्बरमा विन्फ्रेसँग हाँस्दै भनिन्, 'यदि कोही मेरो घरमा प्रवेश गर्छ भने उसलाई गोली लाग्ने छ ।' आप्रवासन र अर्थतन्त्रजस्ता संवेदनशील विषयहरूमा सावधानीपूर्वक कठिन प्रश्नहरूको सामना गर्ने ह्यारिसको अन्तरवार्तामा ग्लक खुलासा सबैभन्दा आकर्षक विषय थियो । *रासस⁄एएफपी*

# चीनले यो वर्षको वृद्धि लक्ष्य हासिल गर्नेमा शीर्ष आर्थिक अधिकारी 'विश्वस्त'

**बेइजिङ–** चिनियाँ अधिकारीहरू मुलुकले यस वर्षको आर्थिक वृद्धि लक्ष्य हासिल गर्ने कुरामा 'पूर्ण विश्वस्त' रहेको मुलुकका शीर्ष अधिकारीले मंगलबार बताएका छन् । चीनमा गत महिना घोषणा गरिएको उत्प्रेरणात्मक उपायहरूको शृंखलाले सेयरबजारहरूमा उछाल ल्याएको थियो ।

अधिकारीहरूले करिब पाँच प्रतिशतको विस्तारलाई लक्षित गरेकाले बेइजिङले व्यावसायिक गतिविधिलाई पुनः सुरु गर्न संघर्ष गरिरहेको छ । लामो समयदेखिको आवास संकटदेखि सुस्त उपभोग र स्थानीय सरकारी ऋणसम्मका धेरै प्रतिकूल परिस्थितिलाई हेर्दा यो लक्ष्य आशावादी रहेको विश्लेषकहरूले बताएका छन् ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोग (एनडिआरसी) का प्रमुख झेङ शान्जीको नेतृत्वमा मंगलबार भएको पत्रकार सम्मेलनमा सबैको ध्यान केन्द्रित छ । लगानीकर्ताहरूले बेइजिङले थप अर्थतन्त्र बढाउने नीतिहरू सार्वजनिक गर्ने आशा गरेका छन् । 'हामी वर्षका लागि आर्थिक र सामाजिक विकासका लक्ष्य कायमा राख्नेमा पूर्ण विश्वस्त छौं,' उनले भने, 'हामी स्थिर, स्वस्थ र दिगो विकास कायम राख्नमा पनि पूर्ण विश्वस्त छौं ।' व्यापारीहरूले एक साताको विश्रामपछि बेइजिङबाट थप उपायहरूको आशामा जोडदार ऱ्यालीलाई जारी राख्दा मुख्य भूमि चीनका सेयरहरू मंगलबार १० प्रतिशतभन्दा बढीले बढे । यसले स्वर्णिम हप्ता बिदाअघिको २० प्रतिशतभन्दा बढीले वृद्धि भयो ।

अधिकारीहरूले लामो समयदेखि मन्द आर्थिक वृद्धिलाई उल्टचाउन उत्प्रेरणात्मक उपायहरूको शृंखला घोषणा गर्न थालेसँगै लगानीकर्ताहरू मुख्य भूमि चीन र हङकङका सेयरहरूमा फर्कन थालेका छन् । हालसम्म घोषणा गरिएका धेरै उपायहरू कमजोर रियल स्टेटलाई लक्षित गरिएका छन् । यो लामो समयदेखि वृद्धिको प्रमुख चालक रहेको भए पनि अहिले लामो समयसम्म ऋण संकटमा फसेको छ । उक्त उद्देश्यका लागि बेइजिङको केन्द्रीय बैंकले वित्तीय संस्थाहरूलाई एक वर्षको ऋणको ब्याजदर घटाएको छ, ऋणदाताहरूको राशिमा कटौती गरेको छ र विद्यमान बन्धकहरूमा दरहरू घटाउन प्रोत्साहित गरेको छ । *रासस⁄एएफपी*


## युएइमा रोजगार

कम्पनी: AL RAWASI INTERNATIONAL CONSTRUCTION L.L.C - DUBAI BRANCH

पूर्व स्वीकृत मिति : २०८१/०६/२१ | LT. No. 311904 | चलानी नं ६०२२६४४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Ac Technician | 4 | 0 | 1000 | ३६,५६१ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason Assistant | 1 | 0 | 1000 | ३६,५६१ | | | | | | | |
| 3 | Building Worker/Labour | 3 | 0 | 900 | ३२,९०५ | | | | | | | |
| 4 | Carpenter | 2 | 0 | 1200 | ४३,८७३ | | | | | | | |
| 5 | Concrete Masons | 15 | 0 | 1200 | ४३,८७३ | | | | | | | |
| 6 | Electrical Helpers | 1 | 0 | 1000 | ३६,५६१ | | | | | | | |
| 7 | ELECTRICIAN GEN. | 14 | 0 | 1200 | ४३,८७३ | | | | | | | |
| 8 | House Labour | 4 | 0 | 900 | ३२,९०५ | | | | | | | |
| 9 | Metal Structure Install Worker | 25 | 0 | 1000 | ३६,५६१ | | | | | | | |
| 10 | Painter | 8 | 0 | 1200 | ४३,८७३ | | | | | | | |
| 11 | Plumber | 20 | 0 | 1200 | ४३,८७३ | | | | | | | |
| 12 | steel fixer (reinforce fitter) | 15 | 0 | 1200 | ४३,८७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DUBAI OVERSEAS INTERNATIONAL PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com
श्रम ईजाजत नं. ७५१/०६४/०६५

## युएईमा रोजगार

कम्पनी : WHITESPOT TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | LT. No. 312053 | चलानी नं. ६०२२६४५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Helper | २ | ० | 1200 | ४३,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceiling Experts | २ | ० | 1300 | ४७,४८० | | | | | | | |
| 3 | Electrician Assistant | २ | ० | 1200 | ४३,८३० | | | | | | | |
| 4 | Tile Layer | २ | ० | 1300 | ४७,४८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Leaders International Recruitment Agency Pvt. Ltd
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com
श्रम ईजाजत नं.१६१५/०७९/०८०

## साउदीमा रोजगार

कम्पनी: HALF BALANCE CAFE SERVING DRINKS

पूर्व स्वीकृत मिति : २०८१/०६/२२ | LT. No. 311950 | चलानी नं ६०२२६६४७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee maker) | 1 | 0 | 1600 | ५७,२२६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: VEHICLE BODY CENTER FOR CAR MAINTENANCE

पूर्व स्वीकृत मिति : २०८१/०६/२२ | LT. No. 311951 | चलानी नं ६०२२६६४७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 2 | 0 | 1500 | ५३,६४९ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ३० गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd.
(Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com
श्रम ईजाजत नं. ११४२/०७३/०७४


Government Of Nepal
Ministry Of Agriculture and Livestock Development
Department Of Livestock Services
National Livestock Resource
Management and Promotion Office

## Sheep Genetic Resource Center

Pansayakhola ,Nuwakot

Date of Publication: 9th-Oct-2024-(23rd Asoj 2081)

1. Sheep Genetic Resource Center, invites bids from **national** eligible bidders for **Item rate contract** of following works:

| Contract Identification Number | Description and Location of Work | Bid Document Free(NRs) | Estimated Amount With PS excluding VAT and Contingency(NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (day From the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| SGRC/NCB/ WORKS/01/2081/82 | Construction of a shed for pregnant sheep and lambs | 3000/- | 22,79,538.83/- | 75,000/- | 120 days | |

2. Purchase, Submission and Opening

| S.N | Purchase of Bid (Last Date/Time) Date | Time | Submission of Bid Date | Time | Opening of Bid Date | Time | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| 1 | 06-11-2024 | 5:00 pm | 08-11-2024 | 12:00 pm | 08-11-2024 | 1:00pm | SGRC/NCB/WORKS/01/2081/82 |

3. Pre Bids Meeting

| Date | Time | Venue |
|---|---|---|
| 30-10-2024 | 11:00 AM | Sheep Genetic Resource Center Pansayakhola ,Nuwakot |

4. Tender procedures shall follow public procurement Act and public procurement Rules
5. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.
6. A New Firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids
7. Any amendment in the notice or bid document will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of Sheep Genetic Resource Center Pansayakhola ,Nuwakot
8. The Employer reserves the right to accept or partly any or all the bids without assigning reason whatsoever.

**Senior Livestock Development Officer**

**Karnali Province Government**

**Ministry of Physical Infrastructure Development**

# Infrastructure Development Directorate

**Infrastructure Development Office**

**Manma, Kalikot**

## Invitation for Bids (IFB No: 2-081/082)

**Date of First Publication: 2081/06/23 (9th Oct, 2024)**

1. Infrastructure Development Office (IDO), Manma, Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/Work Description | Estimated Amount without VAT & Contingencies (NRs | Bid Validity /Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1. | IDO/KKT/W/NCB/08/081-082, Construction of Chhaprekhola Musekhola Narupani hudai Jubitha Samma Sadak Tilagupha Na.Pa.- 7, Kalikot | 2541484.059 | 90 Days/120 Days From Bid Openning Date | 72000 | 3000 |
| 2. | IDO/KKT/W/NCB/09/081-082, Construction of Dhupirukha Malsera Samma Road Upgrading Works Pachaljharna-5, Kalikot | 4224590.042 | | 120000 | |
| 3. | IDO/KKT/W/NCB/10/081-082, Construction of Panchakalika Ma.Vi. Dekhi Rikune Hudai Palata Gaupalika Jodne Sadak Pachaljharana- 5, Kalikot | 2543107.367 | | 72000 | |
| 4. | IDO/KKT/W/NCB/11/081-082, Construction of Suntharali Airport Panimul hudai Badimalika Sadak Naraharinath Gaupalika- 1, Kalikot | 2540498.02 | | 72000 | |
| 5. | IDO/KKT/W/SQ/12/081-082 Construction of Mahabu Lekh Serabada Padamaghat Sadak Mahabu Ga.pa., Kalikot | 1711304.146 | 45days /75Days From Bid Openning Date | 48000 | 1000 |

2. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office (IDO), Manma, Kalikot Telephone No **087-440155** or may visit PPMO e-GP System www. bolpatra.gov.np/egp

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०१०० | प्रति तोला - ० | प्रति तोला - १९४० |

## ‘समृद्धिको राष्ट्रिय संकल्प पूरा गर्न सरकार प्रयत्नशील’




■ प्रभाव संवाददाता

**काठमाडौं**– उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वर्तमान सरकार श्रमिकको हकहितको रक्षा गर्दै असल औद्योगिक श्रम सम्बन्धमार्फत ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय संकल्प पूरा गर्न क्रियाशील रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघको २६औं क्षेत्रीय परिषद्को मंगलबार यहाँ उद्घाटन गर्दै उनले समयानुकूल श्रमिकको न्यूनतम पारिश्रमिक समायोजन गर्ने नीति कार्यान्वयन हुँदै आएको बताए । कार्यस्थलमा भोग्नुपर्ने समस्या नयाँ रूपमा प्रकट भएको बताउँदै उपप्रधानमन्त्री पौडेलले श्रमिकका समस्या विश्वभर एकै किसिमका भएकाले समाधानका लागि सामूहिक प्रयास जरुरी रहेको बताए ।

नेपालको संविधानले कानुनबमोजिम ट्रेड युनियन खोल्न पाउने, सामूहिक सौदाबाजी गर्न पाउनेलगायत अधिकार स्थापित गरेको र रोजगारीको हकलाई मौलिक हकमा समावेश गरेको उल्लेख गर्दै उनले श्रमिकलाई रोजगारीको हक, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सरकार संवेदनशील रहेको बताए ।

अर्थमन्त्रीले श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउन सरकार लागिपरेको भन्दै मर्यादित श्रमसम्बन्ध कायम गरेर औद्योगिक वातावरण बनाउन सरकार क्रियाशील रहेको बताए । वर्तमान सरकार श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्दै औद्योगिक वातावरण बनाउन प्रतिबद्ध रहेको उनले बताए । सरकारले सबैले काम गर्न पाउने अधिकार सुनिश्चित गर्दै श्रम शक्तिलाई देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा आत्मसात् गरिने अर्थमन्त्री पौडेलको भनाइ छ ।

श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी सिर्जना गर्ने नीति सरकारले लिएको उनले बताए । अर्थमन्त्री पौडेलले भने, ‘श्रम शक्तिलाई देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा आत्मसात् गरेको छ । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी सिर्जना अभिवृद्धि गर्ने नीति सरकारको छ ।’

नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले जलवायु परिवर्तनका कारण देशले ठूलो जनधनको क्षति व्यहोर्नुपरेको वास्तविकता सुनाउँदै हरेक दिन काम गरेर आफ्नो र परिवारको भरणपोषण गर्नुपर्ने श्रमिक वर्गका समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

## दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)**– धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २७.३९ अंकले ओरालो लागेर दुई हजार ६६३.३२ बिन्दुमा सीमित भएको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.५५ अंकले ओरालो लागेर ४८०.२३ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ । कूल एक करोड तीन लाख ३० हजार ५०२ कित्ता सेयर चार अर्ब ५९ करोड ३७ लाख २७ हजार रूपैयाँ मूल्यमा खरिद-बिक्री भएको छ ।

नेप्सेका अनुसार, मिड सोलु हाइड्रोपावर १०, बुटवल पावर कम्पनी ६.८३, माण्डु हाइड्रोपावर ६.३१, प्रभु स्मार्ट फन्ड ५.९६ र थ्री स्टार हाइड्रोपावरका लगानीकर्ताले ५.४४ प्रतिशतले कमाएका छन् ।

इस्टर्न हाइड्रोपावर ८.५०, बुद्धभूमि नेपाल हाइड्रोपावर ७.२४, नेपाल फाइनान्स ६.९८, बोटलर्स नेपाल तराई ५.८८ र कालिञ्चोक दर्शनका लगानीकर्ताले ५.५० प्रतिशतले गुमाएका छन् ।

## भारतबाट २० वटा बेलीब्रिज ल्याइने



**चौतारा**– सरकारले भारतबाट २० वटा बेलीब्रिज ल्याउने तयारी गरेको छ । हालैको बाढीपहिरोबाट क्षतिग्रस्त पुलहरूमा वैकल्पिक व्यवस्था गर्न भारतबाट बेलीब्रिज ल्याउने तयारी सरकारले गरेको हो । सिन्धुपाल्चोकमा हालैको बाढीबाट क्षति भएका भौतिक पूर्वाधारको निरीक्षण गर्न आएका भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले उक्त जानकारी दिएका हुन् । उनले तातोपानीमा चाँडो बेलीब्रिज ल्याउने तयारी भइरहेको बताए ।

सिन्धुपाल्चोकको बाढी प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिन संघीय सरकारका तीन मन्त्री मंगलबार सदरमुकाम चौतारा आइपुगेका थिए । गृहमन्त्री रमेश लेखक, रक्षामन्त्री मानवीर राई र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालसहितको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा विपद्ले पुऱ्याएको क्षतिबारे छलफल भएको थियो ।

उनीहरू सुनकोशी नदीको बाढीले बगाएको सिन्धुली-रामेछाप जोड्ने खुर्कोट पुल र बाढी प्रभावित खुर्कोट बजार अवलोकनपश्चात् सिन्धुपाल्चोकको भोटेकोशी क्षेत्रको अवलोकन गरेर चौतारा आइपुगेका हुन् ।

मन्त्रीहरूले बाढीपहिरोबाट जिल्लामा भएको क्षति तथा सडक पूर्वाधार पुनर्निर्माण, उद्धार र राहत सम्बन्धमा स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखलगायत स्थानीयवासीसँग छलफल गरेका थिए ।

सिन्धुपाल्चोकको वस्तुस्थिति बुझेपछि गृहमन्त्री लेखकले मित्रराष्ट्र चीन जोड्ने कोदारी राजमार्गस्थित लार्चा र लिपिङ खोलामा छिटो बेलीब्रिजको व्यवस्था गर्ने आश्वासन दिएका छन् । उनले प्रजिअ किरण थापालाई पहिरोपीडित लाभग्राहीको पहिचान गरी क्षतिको विवरण तत्काल पठाउन निर्देशन दिए । सिन्धुपाल्चोकमा बर्सेनि प्राकृतिक विपद्ले क्षति पुऱ्याउने गरेको छ । यसपटकमात्रै १० जनाको मृत्यु, दुई बेपत्ता र ठूलो परिमाणमा भौतिक क्षति भएको छ । यहाँबाट मन्त्रीहरू ललितपुरको गोटीखेल जाने कार्यक्रम रहेको जनाइएको छ । *रासस*


## मनहरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल .

### आ व २०८१/०८२ को लागि ढुंगा गिट्टी बालुवा रोडा आदि नदिजन्य पद्धार्थ बिक्री शुल्क, वातावरण शुल्क संकलनको ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०८१/०६/२३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ र मनहरी गाउँपालिका आर्थिक ऐन,२०८१ को दफा ११,१२ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित परिमाण अनुसारको स्टक तथा मनहरी गाउँपालिका भित्रका नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन गरिने नदीजन्य पदार्थ बागमती प्रदेश सरकार एवं गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना नं./बोलपत्र नं. | ठेक्काको नाम | स्टक परिमाण (घन मिटरमा) | दररेट(मु अ कर बाहेक) प्रति घनफिट | न्यूनतम बोलपत्र रकम(सेवा शुल्क र मू. अ. कर बाहेक) |
|---|---|---|---|---|
| REV/NCB/ MAN-06/081-82 | बिक्री एवं निकासी शुल्क | २,०५,७२७.५० | रू ९.०० | ६,५३,३७,८१५.०० |
| | वातावरण प्रदुषण शुल्क | | रू ०.२० | १४,५२,८५०.०० |

शर्तहरू

१. फर्मको हकमा दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा सिटिजन्स बैंक शाखा कार्यालय रजैयामा रहेको यस कार्यालयको खाता नं. मनहरी गा.पा. ग-१-१-०६२०१०००००००२२०२ (MANAHARI GA. PA GA-1.1 ANTARIK RAJASWA KHATA) (आन्तरिक राजश्व खाता) मा बोलपत्र दस्तुर वापत रू. ५,०००.०० (फिर्ता नहुने गरी) दाखिला गरेको भौचर/प्रमाण वा कार्यालयमा दाखिला गरेको नगदी रसिद साथ यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गर्न सकिने छ ।

२. बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट दर्ता गर्नुपर्नेछ ।

३. सो कार्यका लागि बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.ppmo.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नगदि रसिद वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

५. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । बोलपत्रको मान्य अवधी ९० दिनको हुनेछ ।

६. आफुले कबोल गरेको अंकको ५% प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको सिटिजन्स बैक रजैया शाखामा रहेको धरौटी खाता नं. ग-३-०६२०१०००००३३१०२ जम्मा गरी सोको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट इजाजत प्राप्त बैकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तीमा १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

७. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको १:०० बजे मनहरी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भागलिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ।

८. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइनेछैन ।

९. दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू. अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ६० प्रतिशतले हुने रकम संझौता अगावै बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत ६० प्रतिशतले हुने रकम २०८२ वैशाख मसान्त भित्र बुझाउने गरी नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८२ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। तर एकमुष्ठ कबोल रकम बुझाउन वाधा पर्ने छैन ।

१२. बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

१३. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मनहरी गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

१४. यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित निकुञ्जहरूको मध्यवर्ती वाहेकका क्षेत्रवाट संकलन हुने नदीजन्य पदार्थ बिक्रीका लागि यसै ठेक्का कबोल रकम र परिमाणको आनुपातिक आधारमा रकम थप गर्नुपर्ने विषय अनिवार्य गरि संझौतामा यो शर्तलाई कायम गरिनेछ। तर यस बुँदा अनुसारको थप परिमाणमा प्रति घनफिटको दर प्रदेश आर्थिक ऐन, २०८१ अनुसार रू. ७.०० कायम गरिनेछ ।

१५. मध्यवर्ती क्षेत्रबाट नदिजन्य पदार्थ संकलन गरिएमा स्वीकृत परिमाणको अधिनमा रही संकलन अनुमति अनुसार वन नियमावली २०७९ को अनुसूची ८(ग) बमोजिम राजश्वमा नघटने गरी आनुपातिक रूपमा थप रकम संकलन गरिनेछ । ठेक्का संझौतामा यो शर्तलाई समेत अभिन्न अंग मानिनेछ ।

१६. ठेक्काको अन्य शर्तहरू ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को अनुसुची २(ख) मा उल्लेख भएको व्यहोराको प्रतिकुल नहुने गरी सम्झदारीमा कायम गरिनेछ ।

१७. अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ठेक्का परिमाणमा आधारित भएकाले तोकिएको परिमाण निकासी वा बिक्री भएमा जुनसुकै समयमा ठेक्का अवधि समाप्त हुनेछ ।

१८. परिमाण नियन्त्रणका लागि कार्यालयबाट बिक्री तथा वातावरण शुल्कको रसिद प्रमाणित गराई तोकिएको कर संकलन केन्द्रबाट जारी गर्ने, साप्ताहिक रूपमा कार्यालयले तोकेको ढाँचा र समयमा ब्यवसायीले बिक्री तथा निकासीको परिमाण सम्वन्धी फाँटवारी अनिवार्य रूपमा पेश गर्नुपर्ने, चोरी निकासी नियन्त्रणका लागि पर्याप्त विधि अवलम्वन गर्नुपर्ने, चोरी निकासी भएको पाईएमा जरिवाना तिर्नुपर्ने लगायतका दायित्वहरू समेत सकारकर्ताले अनिवार्य रूपमा सम्पादन गर्नुपर्नेछ ।

१९. परिमाण नियन्त्रणका विषयमा कार्यालयको दिएको निर्देशन जुनसुकै कारण जनाई वा नजनाई नमानेमा, अटेर वा आलटाल गरेमा तत्काल ठेक्का स्थगित गर्ने, शर्त नमाने सम्म कार्यालय स्वयमले कर संकलन गर्ने वा ठेक्का रद्द गर्ने अधिकार कार्यालयमा रहनेछ । यस विषयमा सकार कर्ता/ठेकेदारले कहिँ कतै उजुरवाजुर वा कुनै किसिमको मागदावी गर्न पाउने छैन ।

२०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार मनहरी गाउँपालिकामा हुनेछ।

२१. ठेक्का सम्बन्धी अन्य शर्तहरू ढुंगा, गिट्टी, बालुवा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को अनुसूची २ (ख) बमोजिम प्रतिकुल नहुने गरी कायम गर्न सकिनेछ ।

२२. अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछन ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website www.manaharimun.gov.np मा समेत हर्न सकिनेछ ।)

प्रमुख प्रशासकिय अधिकृत


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ